का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ पुस २०८१,
आइतबार
5 January, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३१७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# भण्डारी र पुनलाई अब केको लोभ ?





एकसाथ २ कार्यकाल राष्ट्रपति र उपराष्ट्रपति भएका विद्यादेवी भण्डारी र नन्दबहादुर पुन एकैसाथ विगतमा आफू संलग्न पार्टीमा सक्रिय हुन खोजेका हुन् । यसले राष्ट्रकै अभिभावक मानिएको पदको तटस्थता र गरिमालाई चुनौती दिएको सरोकारवालाहरू बताउँछन्

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २० पुस ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी र पूवउपराष्ट्रपति नन्दबहादुर पुन राजनीतिमा सक्रिय हुन खोजेका छन् ।

पूर्वउपराष्ट्रपति पुन बिहीबार माओवादी केन्द्रको स्थायी समिति बैठकमा सहभागी भए । बिहीबार नै पूर्वराष्ट्रपति भण्डारीसँग एमाले अध्यक्ष केपी शर्मा ओलीले भेटे । एमालेको आन्तरिक राजनीति र एमालेको भावी नेतृत्वको विषयलाई लिएर ओलीले भण्डारीसँग साढे २ घण्टा छलफल गरे ।

यता, पूर्वउपराष्ट्रपति पुन माओवादी केन्द्रको स्थायी समिति बैठकमा बरिष्ठ नेताको हैसियतमा उपस्थित भए । बरिष्ठ नेताको हैसियतमै आफ्ना कुरा राखे ।

अर्थात्, एकसाथ २ कार्यकाल राष्ट्रपति र उपराष्ट्रपति भएका विद्यादेवी र पुन एकैसाथ विगतमा आफू संलग्न पार्टीमा सक्रिय हुन खोजेका हुन् । तत्कालका लागि २ व्यक्तिको चाहना भनिए तापनि यसले नेपालको राजनीति र राष्ट्रपति तथा उपराष्ट्रपति पदको प्रयोगका सम्बन्धमा दीर्घकालीन रूपमा नकारात्मक प्रभाव पार्न सक्ने देखिन्छ ।

नेपालको संविधानले राष्ट्रपति र उपराष्ट्रपतिलाई तटस्थताको प्रतीकका रूपमा परिकल्पना गरेको छ । यस कारण राष्ट्रको अभिभावकका रूपमा समेत राजनीतिक दलहरूले ग्रहण गर्नुपर्ने बताउने गरेका छन् ।

राष्ट्रपति र उपराष्ट्रपति हुनु अगाडि जे जस्तो राजनीतिक पृष्ठभूमिमा भए तापनि यी पदमा पुगेर काम गरिसकेछि फर्किएर दलगत राजनीतिमा नआउने अपेक्षा हुने गर्छ ।

सरोकारवालाहरू राष्ट्रपति र उपराष्ट्रपति भएका व्यक्तिहरू पुनः राजनीतिमा फर्किन्छन् भन्ने भयो भने त्यसले उनीहरूको काममा असर गर्न सक्ने बताउँछन् । सरकारले गर्ने सिफारिस तत्काल सदर गर्ने वा सदर नै नगर्नेजस्ता कार्य गरेको आरोप पूर्वराष्ट्रपति भण्डारीलाई लाग्ने गरेको छ ।

संसद् विघटनसम्बन्धी २ वटा सरकारको सिफारिस तत्काल सदर गरेकामा उनी आलोच्य भएकी थिइन् । दुवै पटकको विघटन सर्वोच्च अदालतबाट बदर हुन पुगेकाले पनि भण्डारीको त्यस भूमिकालाई लिएर कतिपयले आलोचना गर्ने गरेका छन् ।

अर्कातर्फ २ पटकसम्म संघीय संसद्ले पारित गरेर पठाएको नागरिकता ऐन संशोधन विधेयक सदर नगरेकामा पनि उनीमाथि आलोचना हुने गरेको छ । १५ दिनभित्र प्रमाणीकरण गरिसक्नुपर्ने पृष्ठ २ मा

# संकटमा एकता, शक्तिमा विभाजन



२ ठूला दल मिलेर अधिकार अझ खुम्च्याउने हुन् कि भन्ने आशंका छ

● **उपेन्द्र यादव**
**अध्यक्ष, जसपा नेपाल**



संविधान संशोधनको मुद्दा पेचिलो छ

● **डा. सुरेन्द्र झा**
**महासचिव**
**लोसपा नेपाल**



थ्रेसहोल्ड थप्ने र समानुपातिक निर्वाचन प्रणाली हटाउने भएपछि मधेश केन्द्रित दलहरू अत्तालिएका छन्

● **तुलानारायण साह**
**राजनीतिक विश्लेषक**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २० पुस ।

कांग्रेस-एमाले गठबन्धन सरकार बनाउँदा भएको ७ बुँदे सहमतिको दोस्रो नम्बर बुँदामा 'संविधानको सबल र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने' उल्लेख छ ।

सरकार बनेको ५ महिना बितिसक्दा प्रतिबद्धताअनुसार संविधान संशोधनको प्रक्रिया सुरु नभए पनि यसले सबैभन्दा बढी मधेश केन्द्रित दलहरूलाई झस्काएको छ ।

३ असोज २०७२ मा संविधान जारी हुँदा संशोधनको विरोध गर्दै आन्दोलन सुरु गरेका उनीहरू यही संविधानअन्तर्गत बनेका केन्द्रदेखि प्रदेश सरकारमा सहभागी भए ।

संविधानको विरोधमा २०७२ सालमा भएको आन्दोलनमा २० जनाको मृत्यु भएको थियो । त्यसपछि उनीहरूले संविधान संशोधनको मुद्दालाई उठाइरहे ।

तर, अहिलेसम्म उनीहरूको मागअनुसार संविधान संशोधन भएको छैन । यद्यपि, संविधान जारी भएपछि संशोधनको मागलाई थाँती राखेर उनीहरू सत्ताको दौडधुपमा लागे ।

सत्तामा संविधान संशोधनको मुद्दा हराउँछ भने सत्ताबाहिर आउनेबित्तिकै त्यो मुद्दा बिउँतिन्छ । अहिले सत्ताबाहिर रहेको उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल (जपसा नेपाल) र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा नेपाल)ले संविधान संशोधनको विषय फेरि उठाउन थालेका छन् भने सरकारमा रहेको डा. सीके राउत नेतृत्वको जनमत पार्टी यस विषयमा मौन छ ।

संविधान जारी भएको ४ महिनापछि पहिलो संशोधन भएको थियो । त्यो संशोधन मधेश केन्द्रित दलको मागअनुसार भएको भनिए पनि त्यसलाई उनीहरूले मानेका थिएनन् । संविधानको पहिलो संशोधन समानुपातिक समावेशी र जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारणका लागि भएको थियो । तर, आफ्नो चाहनाअनुसार संशोधन नभएको भन्दै उनीहरूले अझै असन्तुष्टि जनाइरहेका छन् । 'समानुपातिक समावेशीका लागि संविधान संशोधन भए पनि क्लस्टरमा हाम्रो असन्तुष्टि अहिले पनि छ', लोसपाका महासचिव डा. सुरेन्द्र झाले भने ।

## पटकपटक एजेन्डा

२०७९ सालमा भएको निर्वाचनमा मधेश केन्द्रित दलहरूले संविधान संशोधनलाई एजेन्डा बनाए । निर्वाचन जितेर आएपछि सरकारमा जसपा, लोसपा, जनमत पार्टी निरन्तर सरकारमै रहे, अहिले पनि छन् । तर, सरकारमा रहँदासम्म उनीहरूले संविधान संशोधनको विषय कहिल्यै पनि उठाएनन् ।

महासचिव झा संविधान संशोधनको मुद्दा पेचिलो रहेको बताउँछन् । 'हाम्रो पार्टीका अध्यक्ष महन्थ ठाकुरले पृष्ठ २ मा

## सत्तामा पुग्ने भऱ्याङ

मधेश केन्द्रित दलले संविधान संशोधनको मुद्दालाई सत्ता र शक्तिमा पुग्ने भऱ्याङ मात्र बनाउन खोजेका भन्दै आलोचना पनि हुने गरेको छ । संविधान संशोधन गर्नेभन्दा अर्को निर्वाचनमा भोट आफ्नो पक्षमा पार्न उनीहरूले मुद्दा बनाएको टिप्पणी राजनीतिक विश्लेषकहरूको छ । संविधान संशोधन गर्नुपर्ने भनिए पनि ती दलहरू आफ्नो मुद्दामा गम्भीर पृष्ठ २ मा

## सहकार्य कि समीक्षा ?

मधेशी दलहरूले संशोधनका विषयमा सहकार्य र एकताको आवश्यकतामा जोड दिए पनि विगतमा भएको यस्तो मोर्चा र पार्टी एकता किन भंग भयो भन्ने बारेमा समीक्षा हुनुपर्ने बताउँछन् । 'विगतमा बनेका मोर्चाहरू किन टिकेनन्, त्यसको पनि समीक्षा हुनुपर्छ', जसपा नेपालका महासचिव पृष्ठ २ मा

## त्रिपाठीको सक्रियता

संविधान संशोधनको चर्चा चलेपछि कुनै बेला मधेशको राजनीति गरेका हृदयेश त्रिपाठी अहिले सोही मुद्दामा केन्द्रित भएका छन् । जनता प्रगतिशील पार्टीका अध्यक्षसमेत रहेका त्रिपाठीले संशोधनको विषयमा मधेश केन्द्रित दलहरूको साझा धारणा बनाउन मोर्चाबन्दी सुरु गरेका छन् । कांग्रेस-एमालेले थ्रेसहोल्ड बढाएपछि पार्टी समाप्त हुने चिन्ता उनीहरूलाई छ । त्यसका लागि त्रिपाठीले मोर्चा बनाउन लागेका हुन् ।

**वैदेशिक रोजगार विशेष**

## युद्धपछि इजरायलको निर्माण
# भारतीय कामदार भरिभराउ, नेपाल बेखबर

**मध्यान्ह संवाददाता**
इजरायल, २० पुस ।

इजरायलमा युद्ध रोकिएपछि ठूलाठूला आवास निर्माण र पूनर्निर्माणको कामले तीव्रता पाएको छ। इजरायलमा हमासका लडाकुको आक्रमणपूर्व अर्थात् ७ अक्टोबर २०२३ अघि निर्माण क्षेत्रमा प्यालेस्टिनीहरूको दबदबा थियो । हाल प्यालेस्टिनीहरू प्रतिबन्धित छन् ।

अन्तर्राष्ट्रिय संचार संस्था एपीएफका अनुसार तीव्र गतिमा इजरायलमा भइरहेको निर्माण क्षेत्रको काममा अहिले भारतीय कामदारहरूको दबदबा बढेको छ । हजारौं प्यालेस्टिनी निर्माण मजदुरहरूले छाडेको रिक्ततालाई भारतीय कामदारहरूले पूरा गरिरहेका छन् ।

भारत अमेरिका, चीन, जापान र जर्मनीपछि पाँचौं ठूलो अर्थतन्त्रको हैसियतमा छ । तर, उसले आकर्षक कमाइ हुने इजरायलमा उच्च प्राथमिकताका साथ निर्माण मजदुर पठाउने बताएको छ । इजरायलमा भारतीय निर्माण मजदुरले न्यूनतम मासिक तलब १ लाख २३ हजार भारतीय रुपैयाँ पाउने गरेका छन् ।

गाजापट्टीमा इजरायल र लडाकु समूह हमासबीच फाट्टफुट्ट युद्ध जारी छ । उता, लेबनानमा हिजबुल्लाह र इरान समर्थित समूहहरूबाट पनि आक्रमण भइरहेका छन् तर यीमध्ये कुनैले पनि आफूहरूलाई इजरायल आउनबाट रोक्न नसकेका ३५ वर्षीय उतिम निसाद बताउँछन् । उनले भने, 'यहाँ डराउनुपर्ने कुनै कुरा छैन, साइरन बजेपछि सुरक्षित स्थानमा जान्छौं, साइरन बन्द भएपछि हामी तुरुन्तै आफ्नो काम सुरु गर्छौं ।' युद्धपछि भारतबाट करिब १६ हजार कामदार इजरायल पुगेका पृष्ठ २ मा

## तराई वैदेशिक रोजगार व्यवसायी समाजको अध्यक्षमा पुनः यादव



**काठमाडौं/मस-** तराई वैदेशिक रोजगार व्यवसायी समाजको अध्यक्षमा नवलकिशोर यादव पुनः निर्वाचित भएका छन् । शनिबार राजधानीमा सम्पन्न समाजको साधारणसभाले सान नेपाल प्रा. लि.का संचालक यादवलाई सर्वसम्मत रूपमा अध्यक्ष पदमा निर्वाचित गरेको हो ।

उनी यसअघि समाजको तदर्थ कार्यसमितिका पनि अध्यक्ष थिए । साधारणसभाले समाजका अन्य पदाधिकारी तथा सदस्यहरू पनि सर्वसम्मतिले चयन गरेको छ । जसअनुसार समाजको प्रथम उपाध्यक्षमा अख्तर हुसेन, द्वितीय पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२१ पुस २०८१ आइतबार
5 January 2025, Sunday

# रास्वपाले संविधान संशोधनबारे रणनीति बनाउने

**काठमाडौं/मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संविधान संशोधनबारे धारणा बनाउने भएको छ।

केन्द्रीय समितिको शनिवारदेखि सुरु भएको दुईदिने बैठकमा पार्टीको वर्तमान राजनीतिक रणनीति, समसामयिक विषयहरू, संगठन सबलीकरण र जनपक्षीय मुद्दाका विषयमा छलफल भएको छ।

आइतबारसम्म चल्ने बैठकमा सभापति रवि लामिछानेमाथि भएको राजनीतिक आक्रमण र प्रतिशोधका घटनाबारे पनि गहन छलफल भएको छ।

सभापति लामिछानेमाथि राजनीतिक दलहरूबाट प्रतिशोध साँधिएको निष्कर्ष बैठकले गरेको छ। बैठकमा स्थानीय तहको




उपनिर्वाचनका विषय, सहकारी समस्या समाधान, र सहकारी ठगी नियन्त्रणबारे समेत विचारविमर्श भइरहेको छ।

बैठकले संविधान संशोधनका विषयमा पार्टीको धारणा र रणनीति तय गर्ने निर्णय पनि गर्नेछ।

बैठकले संविधान संशोधनबारे दलको धारणा तय गर्ने सांसद गणेश पराजुलीले बताए। संगठनको भावी रणनीति, संगठन सबलीकरणका बारेमा पनि छलफल हुने उनले बताए। उनले भने, 'राजनीतिक घटनाक्रमअन्तर्गत रहेर पार्टीलाई विषम परिस्थितिमा अप्ठ्यारो अवस्था सिर्जना भइरहेको छ। पार्टी सभापतिमाथिको आक्रमण, राजनीतिक प्रतिशोध साँधिएको छ। पार्टीलाई कमजोर बनाउन लागि परेका छन्। जनपक्षीय मुद्दालाई सशक्त रूपमा अघि बढाउनु रास्वपाको जिम्मेवारी छ।'

बैठकले सरकारले ल्याएको सहकारी सम्बन्धी अध्यादेश आफ्नो पार्टीका सभापति लामिछानेलाई अप्ठ्यारो पार्ने गरी ल्याइएको बताएको छ।

'सहकारीको समस्या समाधान गरेर पीडितलाई न्याय दिने र सहकारी ठगलाई कठघरामा उभ्याउने गरी काम गर्नुपर्ने बेलामा अध्यादेशमार्फत सरकारले आफू र आफू नजिककालाई बचाउने र सहकारीलाई अझ धराशायी बनाउने प्रक्रियामा भूमिका खेलेको छ,' बैठकपछि कार्कीले भने।

# दलित अभियन्ताहरूको गोलमेच सम्मेलन हुँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० पुस

दलित समुदायका अभियन्ताहरुको गोलमेच सम्मेलन हुने भएको छ। काठमाडौंमा शनिबार आयोजित भेलाले आगामी वैशाखमा गोलमेच सम्मेलन गर्ने निर्णय गरेको हो। सम्मेलन सम्पन्न गर्न डा.निर्मल विश्वकर्माको संयोजकत्वमा तदर्थ समिति तथा अन्य उपसमितिहरु समेत गठन गरिएको छ।

भेलामा संयोजक डा.विश्वकर्माले सबै दलित अभियन्ताहरुलाई एकै ठाउँमा जोड्नका लागि सम्मेलनले सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे। उनले संविधान संशोधनको क्रममा रहेको र दलित समुदायलाई पाखा पार्न सक्ने भन्दै यसमा संयुक्त मोर्चाले दबाब दिने समेत बताए। अबका दिनमा सबै दलित अभियन्ताहरु एक भएर सरकारलाई खबरदारी गर्न आवश्यक रहेको



उनले बताए।

कार्यक्रममा डा.मित्र परियारले महिला हिंसा, शैक्षिक, आर्थिक, सामाजिक क्षेत्रमा पछि पर्नुको मूल कारण नै छुवाछुत रहेको बताए। विचार तथा दर्शन बिनाको आन्दोलन सफल नहुने उनको तर्क थियो।

कार्यक्रममा दलित अभियन्ता खगेन्द्र सुनारले दलितहरु अबका दिनमा शक्ति निर्माणमा लाग्नुपर्ने बताए। उनले सबै एक भएर दलितका मुद्दालाई लिएर अगाडि बढ्न आवश्यक रहेको बताए।

दलित अभियन्ता अग्नी शिखाले अबका दिनमा ६०/७० लाख दलितहरु आफ्नो मुद्दालाई लिएर एक ठाउँमा उभिनुपर्ने बताए। उनले संविधानमा दलितका मुद्दाहरु उठान गरिएपनि लागू हुन नसकेको बताए। संविधान संशोधनमा दलितका मुद्दाहरुलाई संयुक्त रुपमा उठान गर्न आवश्यक उनको भनाइ छ। कार्यक्रममा दलित अभियन्ताहरुले दलितका मुद्दामा राजनीतिक गर्न नहुने भन्दै सबै एक ठाउँमा आवद्ध भएर आफ्नो मुद्दालाई उठान गर्नुपर्नेमा जोड दिएका थिए।

# वंशजको नागरिकता रद्दविरुद्ध सर्वोच्चमा मुद्दा

**काठमाडौं/मस-**वंशजको नेपाली नागरिकता रद्द गर्ने ऐनविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर भएको छ। शनिबार काठमाडौंको संवाद डबलीमा एनआरएनए-यूकेले आयोजना गरेको कार्यक्रममा वक्ताहरुले नेपाल र नेपालीको अस्तित्व मेटाउने योजनासहितको ऐन खारेजीका लागि पुस १८ गते मुद्दा दायर गरेको जानकारी गराए।

एनआरएनए-युके अध्यक्ष प्रेम गाहा मगरले आफूहरुले वंशजको नेपाली नागरिकता निरन्तरताको लागि सर्वोच्च अदालतमा मुद्दा दायर गरेको जानकारी दिए। मगरले विदेशमा रहँदै आएका नेपालीहरुको नागरिकता कायमै रहने व्यवस्था रहेपनि २०६३ पछि दोहोरो नागरिकता कायम नहुने प्रावधानले समस्या निम्त्याएको धाराणा राखे।

मगरले यूरोप, अमेरिका लगायतका देशहरुले दोहोरो नागरिकतालाई कायम गरिहँदा भने नेपाली नश्ल सकाउने योजनासहित भारतको इसारमा सो ऐन आएको बताउँदै भने,'विकसित मुलुकलाई समस्या छैन, स्वदेशप्रति माया भएका नेपालीलाई कटाउने र बिहारीहरुलाई




भित्राएर देश भारतमा गाभ्ने षड्यत्रलाई हामीले बुझ्नु जरुरी छ।'

'नागरिकता खै' अभियान संयोजक बासुदेव घिमिरेले गैरआवासीय नेपालीहरुको वंशजको नागरिकता निरन्तरताबाट हुने फाइदा र बेफाइदाका विषयलाई हिसाबै नगरी त्यसलाई रद्द गर्ने कानुन घातक भएको बताए।

घिमिरेले विदेशबाट आफूरुले स्वदेशको सेवा गर्ने वातावरण मात्रै नभत्किकन देशको राष्ट्रियतालाई जोखिम पर्ने चिन्ता व्यक्त गरे। वंशजको नेपाली नागरिकताको निरन्तरता महाअभियान नेपाल संयोजक कृष्ण प्रसाद खतिवडाले नागरिकता निरन्तर हुँदा विदेशमा बस्नेहरु सबै नेपाल आएर राजनीति गर्छन् भन्ने चिन्ता मान्न नपर्ने धारणा राखे।

प्रा.डा.सुरेन्द्र केसीले गैरआवासीय नागरिकहरुको वंसजको नागरिकतालाई निरन्तरता दिँदा देशलाई फाईदा हुने बताउँदै भने,'हैन ऐन बनाउँदा किन गम्भीरतापूर्ण तरिकाले छलफल या बहस गरिएन, नागरिकता निरन्तरतमा त घाटा भन्दा ज्यादा फाईदा छ त।' 'दोहारो नागरिकता दिदा बझासी बढ्छ भन्ने कारण हो भने त्यसलाई रोक्न कानुनी व्यवस्था पनि गर्न सकिन्छ नि' केसीले थपे।

वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले वंसजको नागरिकताबाट च्यूत गर्ने प्रावधान निकै नै गलत भएको बताए। न्यौपानेले विदेशमा रहेका नेपालीको रेमिट्यान्सबाट चलिरहेको र गैरआवासीय नेपालीको योगदानलाई अवमूल्यन गर्ने कानुनी व्यवस्था विरुद्ध सबै एकजुट हुनुपर्ने धारणा राखे।

अधिवक्ता कपिल ढकालले विदेशमा कमाएको आर्थिक, अनुभव र क्षमता देशमा लगानी गर्छु, योगदान गर्छु भन्दा पनि नपाउने गलत मनसायलाई तोड्न सबै एकजुट हुनुपर्ने धारणा राखे।

# 'राजनीतिक स्थायित्वका लागि कांग्रेस–एमाले सरकार'

**सरु भुसाल/मध्यान्ह**
प्यूठान, २० पुस

लुम्बिनी प्रदेश सरकारका सहरी विकास तथा खानेपानी मन्त्री सरोज थापा रोजले नेपालमा दीर्घकालिन राजनीतिक स्थायित्वका लागि कांग्रेस र एमालेको गठबन्धन सरकार बनेको बताएका छन्।

शनिबार गृह जिल्ला प्यूठान पुगेका युवा नेता रोजले कांग्रेस प्यूठान नगरसमितिको नगर सम्मेलनलाई सम्बोधन गर्दै राजनीतिक स्थायित्व नहुँदा मुलुक जटिल अवस्थामा जान थालेपछि नेपालका दुई ठूला राजनीतिक पार्टीहरुले गठबन्धन गरी सरकार बनाएकोले अब मुलुकमा स्थायित्व कायम हुने बताए। उनले लुम्बिनी प्रदेशमा



धेरै पटक मन्त्री त भइयो, काम गर्ने बेला सरकारबाट बाहिरिने गरेको कारण सोचे अनुसार विकासका काम गर्न नसकेको स्वीकार गरे। पटक-पटक सरकार बदलिँदा विकासका काममा बाधा परेकाले अहिलेको सरकार विकासलाई गति दिनका लगि बनेको उनले दाबी गरे। नेता रोजले लुम्बिनी प्रदेश सरकारले धेरै सुधारका कामहरु गरेकाले अब केही बाँकी रहेका कामहरु गर्ने बताए। आफु नेतामुखी नभइ जनतामुखी भएकोले जनताका समस्या समाधानतर्फ लाग्ने उनले बताए। मन्त्री थापाले जिल्लामा देखिने गरी सडक, पूर्वाधार, सहरी विकास अन्तर्गत भवनहरु एकीकृत वस्ती विकास, खानेपानीको क्षेत्रमा जनचाहना अनुसार काम गर्ने बताए। कार्यक्रममा बोल्ने नेताहरुले गुटगत राजनीति त्यागेर पार्टीमा काम गर्न नेता कार्यकर्ताहरुले दबाब सिर्जना गर्न आग्रह गरेका थिए।

## विद्या...

विधेयक कार्यकालभर नगरेको भनेर भण्डारीमाथि जे जस्तो आलोचना भयो, उस्तै आलोचना प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा संघीय संसद्ले पठाएको विधेयक वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले पनि खेपे।

किनभने, एकातिर १५ दिनभित्र गर्नुपर्ने भनिएको समयसीमा कटेको र अर्कातिर अघिल्लो कार्यकालको विधेयक पास गरेको भनेर वर्तमान राष्ट्रपतिले आलोचना खेप्दा राजनीतिक अस्थाका आधारमा राष्ट्रपति अगाडि बढेको विश्लेषण समाजमा हुने गरेको छ।

यस्तो तर्कलाई थप बल पुग्नेगरी पूर्वराष्ट्रपति भण्डारी र पूर्वउपराष्ट्रपति पुन विगतमा आफू संलग्न पार्टीमा सक्रिय हुन खोजेका हुन्। यसले राष्ट्रपति र उपराष्ट्रपति पदको तटस्थता र गरिमाको मान्यतालाई चुनौती दिएको सरोकारवालाहरू बताउँछन्।

## पटकपटक...

सुरुदेखि अहिलेसम्म संविधान संशोधनको मुद्दालाई जोडतोडका साथ उठाइरहनुभएको छ', उनले भने।

संसद्मा मधेश केन्द्रित दलहरूको प्रभावकारी संख्या नभएकाले माग पूरा गराउन नसकेको ती दलका नेताहरूको भनाइ छ। 'सम्पूर्ण मधेश केन्द्रित दलहरू मिले मात्र केही सम्भव हुने नत्र यही अवस्थामा संविधान संशोधनका लागि दबाव दिन गाह्रो छ', जसपाका महासचिव मनीष सुमन भन्छन्।

मधेश केन्द्रित दलहरूकै कारण नागरिकता ऐन संशोधन भएको जस उनीहरू लिन्छन्। संविधानमा भएको व्यवस्थाअनुसार त्यसलाई संशोधन गर्ने काम भयो र कार्यान्वयमा पनि आयो। तर, संविधान संशोधनको मुद्दा जस्ताको त्यस्तै छ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव भन्छन्, 'यो संविधान पनि विगतका ६ वटा संविधानहरूझैं एकल जातीय सर्वोच्चता, प्रभुत्व र आधिपत्य कायम गर्ने चरित्रको छ। यसलाई पुनर्लेखन वा संशोधन गर्नुपर्छ।' अध्यक्ष यादवसहित मधेशका धेरै नेताहरू संविधान संशोधनका एजेन्डालाई अहिले उठाइरहेका छन्।

## सत्तामा...

नभएको उनीहरूको भनाइ छ। तर, राजनीतिक विश्लेषक तुलानारायण साहको धारणा भने फरक छ। उनले भने, 'मधेश केन्द्रित दलहरूले संशोधनको विषय उठाउनु स्वाभाविक हो किनभने उनीहरू संविधान बन्नुअघि र पछि पनि यस विषयमा पटकपटक सरोकार र चासो राख्दै आएका छन्।'

कांग्रेस र एमालेको सहमतिअनुसार अहिले संशोधनको कुरा उठ्दा यस विषयमा उनीहरूले राखेको चासो स्वाभाविक रहेको बताउँदै उनले समानुपातिक निर्वाचन प्रणाली र थ्रेसहोल्ड नै अहिलेको मुख्य विषय भएको बताए। 'थ्रेसहोल्डबाट उतीहरू तर्सिनु स्वाभाविक हो', उनले भने।

सत्ताधारी दल कांग्रेस र एमालेले संविधान संशोधन गरी थ्रेसहोल्ड थप्ने र समानुपातिक निर्वाचन प्रणाली हटाउने भएपछि मधेश केन्द्रित दलहरू अत्तालिएका उनको विश्लेषण छ।

'३ प्रतिशतबाट १० प्रतिशतसम्म थ्रेसहोल्ड पुऱ्याउनु साना दलहरूलाई संकुचित बनाउनु नै हो', उनले भने, 'त्यस कारण समय सापेक्ष मधेशी दलहरूले संशोधनको विषयमा छलफल गर्नु ठीकै हो।'

## सहकार्य...

सुमन भन्छन्। विभिन्न दलमा विभाजित मधेश केन्द्रित शक्तिहरू संशोधनपूर्व अहिले नजिकिँदै छन्। संविधान संशोधन मधेशले उठाइरहेका मागको विपक्षमा हुने देखिएकाले यी शक्तिहरू एक ठाउँमा आउनुपर्नेमा उनीहरू जोड दिन्छन्।

तर, संविधान संशोधनको विषयमा एक हुनुपर्ने सन्देश दिए पनि उनीहरू अनेक दलमा विभाजित छन्। 'अहिले २ ठूला दल मिलेर अधिकार अझ खुम्च्याउने हुन् कि भन्ने आशंका छ', जसपा अध्यक्ष उपेन्द्र यादव भन्छन्।

यादव संविधान विज्ञसहितको आयोग बनाएर संविधान संशोधन गर्नुपर्ने बताउँछन्। 'सबैले अपनत्व लिनेगरी संघीयता, गणतन्त्र र समावेशितालाई बलियो बनाउने किसिमले सबैको सहमति र समन्वयबाट मात्र संशोधन गर्नुपर्छ', उनले भने।

## युद्धपछि...

छन्। इजरायलले थप हजारौं भारतीय ल्याउने योजना बनाएको छ। भारतीयहरू दशकौंदेखि इजरायलमा वृद्धवृद्धाको हेरचाहको काममा छन्। केही हीरा व्यापारीहरू र केही प्रविधिको क्षेत्रमा पनि काम गरिरहेका छन्।

तर, गाजामा युद्ध बढेपछि इजरायलको निर्माण क्षेत्रमा भारतीयहरू लैजाने अभियान नै चलेको छ। नयाँ दिल्लीस्थित म्यानपावर कम्पनी डायनामिक स्टाफिङ सर्भिसका अध्यक्ष समीर खोसलाले तत्कालै थप १० हजार भारतीय कामदार पठाउने योजना बनाएका छन्। भारतले सबैभन्दा बढी जनसंख्या भएको राज्य उत्तर प्रदेशबाट निर्माण मजदुर पठाएको छ।

हमासले आक्रमण गर्नुअघि करिब ८० हजार प्यालेस्टिनीहरू निर्माणमा कार्यरत थिए। इजरायलको केन्द्रीय बैंकका इयाल अर्गोभले हाल करिब ३० हजार विदेशीले रोजगारी पाएकाले अघिल्लो अवस्थामा फर्किन थप कामदार ल्याउनुपर्ने अवस्था रहेको बताएका छन्।

नेपाल इजरायललाई स्वतन्त्र मुलुकको मान्यता दिने थोरै मुलुकमध्ये पर्छ। तर, छिमेकी भारत उत्तर प्रदेशका हजारौं निर्माण मजदुर इजरायलको आकर्षक तलबसहितको रोजगारीमा पुग्दा नेपाल भने किनाराको रमिते जस्तो बनेर बसेको कतिपयको टिप्पणी छ।

इजरायलको केयरगिभरका लागि २ हजार ११२ जना नेपाली श्रमिक छनोट भएका छन्। त्यसमा १ हजार १५६ महिला र ९५६ पुरुष छन्। तीमध्ये पहिलो चरणमा १ हजार जना र बाँकी दोस्रो चरणमा लैजाने बताएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले नेपाललाई कामदारको स्रोत मुलुकका रूपमा राख्न इजरायलसँग आग्रह गरेका छन्।

## तराई ...

उपाध्यक्षमा राजेश्वरकुमार राय, तृतीय उपाध्यक्षमा कामेश्वर शाह, महासचिवमा दिनेशकुमार राय, सचिवमा श्यामसुन्दर शाह, कोषाध्यक्षमा सविताकुमारी सिंह निर्वाचित भएका छन्।

समाजको कार्यसमिति सदस्यहरूमा आनन्द चौधरी, ओमप्रकाश शाह, रामबाबु महतो, अनवर अली मियाँ, राम एकबाल महतो, राजेश यादव, सुशीलकुमार कुशवाहा, भूपालप्रसाद साह, राजेश्वर यादव र मोहम्मद हजरत अली निर्वाचित भएका छन्।


**Tilottama Municipality**
**Office of Municipal Executive**
**Kunjalapur, Manigram, Rupandehi**

**Invitation for Only Electronic Bids/Seal Quotations**

**Date of Publication: 2081/09/21**

1. Tilottama Municipality, Office of Municipal Executive Invites Electronic Bids/Seal Quotations from eligible Bidders for following projects.

| S. N. | Name of Project | Contract ID. | Estimated Amount (with P.S. & VAT ) | Price Of Bid Document NRs. | Bid Security Amount NRS. & Bid Security Validity Period : 120 Days for NCB & 75 days for SQ | Last Date, Time of bid Submission and Opening | Bank A/C Details (For cost of bid Document &Bid Security Amount) |
|---|---|---|---|---|---|---|---|
| 1 | Naya Sadakko Dakshin Tarpha Sadar Line Jodne Nali Sahit sadak kalopatre, Tilottama-02, Rupandehi | NCB/TM/W/30/081/82 | 9,755,835.0 | 3,000/- | 250,000.00 | 31st day for NCB and 16th day for SQ from Publication, before 12:00 hrs and 13:00 hrs Respectively | Name Of Account:- : Tilottama Municipality, Office of Municipal Executive, Manigram, Rupandehi |
| 2 | Adhuro Tolkanta bhandariko Ghar dekhi Ganga Khadkako Ghar Hudai Ward karyalay samma Sadak Nali,Culvert sahit kalopatre, Tilottama-03, Rupandehi | NCB/TM/W/31/081/82 | 9,755,943.0 | 3,000/- | 250,000.00 | | Account Details. |
| 3 | Namaste Path Staronnati, Tilottama-04, Rupandehi | NCB/TM/W/32/081/82 | 2,926,728.0 | 3,000/- | 75,000.00 | | NIC Asia Bank, Manigram, Rupandehi |
| 4 | Drivertol Hatbajar tatha Jane Purwako Sadak Nirman Yojana, Tilottama-01, Rupandehi | NCB/TM/W/33/081/82 | 2,438,567.0 | 3,000/- | 63,000.00 | | Rajaswa (Revenue) Khata no:- 1052055499599012, |
| 5 | Jamuhani Smart park dakshin tarpha Pashchim Khola Kinar samma sadak Staronnati, Tilottama-17, Rupandehi | NCB/TM/W/34/081/82 | 4,874,811.0 | 3,000/- | 125,000.00 | | Office Code :- 801054802 |
| 6 | Ward Karyalay Compound Wall, Karyalay Bhitra Marmat tatha Truss Nirman and Simanagar Swasthya Chaukima railing Jadan, Tilottama-03, Rupandehi | SQ/TM/W/35/081/82 | 1,420,448.0 | 1,000/- | 37,000.00 | | Dharauti Khata no:- A5CA 549959952403 |
| 7 | Ward No 10 Compound Wall, Bijay path Sadak dhalan and Sirjana path nali sahit sadak dhalan, bewara, Tilottama-10, Rupandehi | SQ/TM/W/36/81/82 | 1,662,424.0 | 1,000/- | 43,000.00 | | |

2. Eligible Bidders may obtain further information from the (Phone no. 071-562979, website: www.tilottamamun.gov.np) Tilottama Municipality, Office of Municipal Executive , Manigram, Rupandehi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Tilottama Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned date & time.
4. Tender Procedures shall follow Public Procurement Act -2063 (with amendment) & Public Procurement Regulation -2064 (with amendment)

**Chief Administrative Officer**

# लुम्बिनीका महिला सांसदहरू सामाजिक नीति कार्यक्रम सुधार्दै

**उषाकिरण पन्थ/मध्यान्ह**
बुटवल, २० पुस




लुम्बिनी प्रदेश सभाम ८७ प्रदेश सभा सदस्यमध्ये ३३ जना महिला छन् । प्रदेश सभामा पुगेका महिला सांसदहरूले केवल नीतिगत परिवर्तन ल्याउने प्रयास मात्र छैनन्, बजेट विनियोजन र सामाजिक सुधारका क्षेत्रमा पनि प्रभावकारी कदम चाल्न थालेका छन ।

उनीहरूले आफ्नो कार्यकालमा असाधारण भूमिका निर्वाह गर्दै सामाजिक, आर्थिक र राजनीतिक मुद्दामा सशक्त आवाज उठाउन पनि थालेका छन् ।

त्यस मध्येकी एक हुन्- निमा गिरी । गिरीले अहिले बजेट तर्जु प्रक्रियामा महिला सांसदको भूमिका खोज्ने थालेकी छन् । महिलाहरूको भूमिका नलेखिएको र प्रचलनअनुसार पुरुष सांसदहरू मात्रै योजनामा सहभागी हुने समस्या भएको कारण आफु त्यसको समाधान खोज्न थालेको उनी बताउँछिन् । नेपाली कांग्रेसको समानुपातिक कोटाबाट प्युठान जिल्लाको प्रतिनिधित्व गर्दै प्रदेश सभामा छिरेकी गिरी महिला सांसदहरूले विभिन्न नीतिगत मुद्दामा सक्रिय भएर सहभागी हुने र लैंगिक, न्याय र समावेशिता सुनिश्चित गर्नुपर्ने बताउँछिन् । 'जब मैले प्रदेश प्रमुखकोमा पुगेर सडक सुरक्षाको संकल्प दर्ता गरें, त्यसपछि भालुवाङ-नर्तीसम्म १५ किलोमिटर क्षेत्रमा टाईम कार्ड लागू भएको छ', उनले भनिन् ।

उनले प्रदेशमा रहेका ९८३ वडामा आवश्यकता अनुसार योजना लैजान एकद्वार पद्दतिमार्फत आयोजना बैंक बनाएर शिक्षा, स्वास्थ, संचारसहितका क्षेत्रमा प्राथमिकताका आधारले बजेट विनियोजन गर्न माग राख्दै आएकी छन ।

कारगार व्यवस्थित हुनु पर्छ भन्दै प्युठान कारगारमा पुस्ताकालय निर्माण समेत उनले गराएकी छन् । गिरी सदनमा उठाएका विषयवस्तुलाई कार्यान्वयनमा लैजान सफल पनि भएकी हुन ।

त्यस्तै नेकपा समाजवादीको समानुपातिक कोटाबाट एकल सांसद भगवती अधिकारी करिब ४ महिना मन्त्री बन्ने अवसर पाइन । पार्टीको तर्फबाट उनी महिला, बालबालिका जेष्ठ नागरिक मन्त्री बनिन् । उनी मन्त्री बन्दा मन्त्रालय नै व्यवस्थित थिएन । तैपनि उनले अवसरको सदुपयोग गर्दै आम नागरिकका गुनासा सुन्ने र सक्दो मलम लगाउने प्रयास गरिन् ।

सरकारको नीति तथा कार्यक्रम तथा बजेट विनियोजनमा निकै सुक्ष्म तरिकाले अध्ययन गर्दै उनी अगाडि बढिन् । उनी आफ्नो कार्यकालमा अनिवार्य आवश्यतालाई प्राथमितामा राख्दै बजेट विनियोजन गराउन सफल भइन । अधिकारी अहिले सदनमा महिलाका क्षेत्रमा काम गर्ने अन्य निकाय नहुनु दुर्भाग्य भएको भन्दै भएको महिला मन्त्रालय पनि सरकारले खारेज गर्नु दुखद् भएको बताउँछिन् । उनले सदनमा उठाउने मुल मुद्दा नै महिला, बालबालिका र जेष्ठ नागरिक छ ।

२०७८ को जनगणनाअनुसार नेपालमा १ लाख जिवित जन्ममा १ सय ५१ आमाहरूको मृत्यु हुँदा लुम्बिनीमा १ लाख जिवित जन्ममा २ सय ७ जना आमाले ज्यान गुमाउनु निकै पीडादायी भएको बताउँछिन् । प्रदेश सरकारले महिलाका सवालमा कसरी काम गरेको छ भन्ने दृखद् दृष्टान्त रहेको उनी भन्छिन् । प्रदेशमा मातृ मृत्युदर देशमै पहिलो स्थानमा रहेको कारण यसलाई न्यूनीकरण गर्न सरकार उदानसिन देखिएको भन्दै सरकारलाई खवरदारी गर्दै आएकी छन् ।

दलित र सिमान्तकृत समुदायकी अभियन्ता शुशिला बादी नेपाली कांग्रेस बाँकेबाट समानुपातिक सांसद हुन् । सांसद भएपछि उनले निरन्तर दलित र सिमान्तकृत्तका पक्षमा सदनमा आवाज उठाइरहेकी छन् ।

दलित र सिमान्तकृत्तको शिक्षाका लागि दाङ, बाँके र बर्दियामा छात्रावृत्तिका लागि वजेट माग गर्ने र वितरण गर्ने अभियानमा उनी छिन् । दलित र सिमान्तकृतलाई आयआर्जनमा जोड्न सीपमूलक शिक्षामा जोड दिँदै लक्षित वर्गसम्म कार्यक्रम पुऱ्याएको, वादी समुदायका महिलालाई लक्षित गर्दै नेपालगंजमा बहुउद्देशीय भवन निर्माण भएको उनले बताइन् । सदनमा भएको बहसकै कारण प्रदेश निजामति सेवा ऐन २०८० मा ३ प्रतिशत सिमान्तकृत समुदायलाई राख्न उनी सफल भएको दाबी गर्छिन् । त्यस्तै एमालेबाट समानुपातिक सांसद भएकी शान्ति लोध रुपन्देहीको विकट मानिने मर्चावार क्षेत्रबाट प्रतिनिधित्व गर्छिन् । उनले बाल विवाहको विषयमा निरन्तर आवाज उठाउँदै प्रदेश सरकारलाई घचघचाउँदै आएकी छन् ।

लक्षित वर्गका लागि सीपमूलक कार्यक्रम लगेर उनीहरूलाई आर्यआर्जनसँग जोड्न उन सर्घषरत् छन । 'मेरो क्षेत्र विकासमा पछाडि छ, जनप्रतिनिधि भएर आएपछि जनताका पीर मर्कालाई बुझ्ने र समस्याको पहिचान गरी हल गर्ने प्रतिवद्धताका साथ लागेकी छु ।'

# कांग्रेस नेता कोइरालाले बेलायतको संसद्मा सम्बोधन गर्ने



**विराटनगर/मस-** नेपाली कांग्रेसका नेता डा.शेखर कोइराला बेलायतको संसदमा सम्बोधन गर्ने भएका छन् । बेलायतको संसदभित्र सम्बोधन गर्ने कोइराला पहिलो नेपाली तथा दक्षिण एशियाका दोस्रो नेता हुनेछन् । यसअघि नेपालका कुनै पनि नेताले बेलायतको संसदभित्र सम्बोधन गर्ने अवसर प्राप्त गरेका थिएनन् । बेलायतका विदेशमन्त्री क्याथराइन वेष्ट र उद्योग व्यापार वाणिज्यमन्त्री ग्यारेथ थोमसको निमन्त्रणामा कोइराला बेलायत जाँदैछन् । बेलायतको संसद भवनभित्र बेलायती विदेशमन्त्री र उद्योग, व्यापार, वाणिज्यमन्त्रीलगायत सांसदको उपस्थितिमा उनले सम्बोधन गर्नेछन् । प्रनितिधिसभा सदस्यसमेत रहेका नेता कोइराला १३ जनवरीमा विशेष कार्यक्रममा बेलायती संसदभित्र सम्बोधन गर्ने कार्यक्रम तय भएको हो ।

नेता कोइरालाले प्रजातन्त्रको जननी बेलायतको संसदभित्र हुने कार्यक्रमलाई सम्बोधन गर्न पाउनु कांग्रेसका लागि मात्रै नभएर नेपालकै लागि गर्वको विषय भएको विराटनगर महानगरपालिकाका मेयरसमेत रहेका नेपाली कांग्रेस मोरङका उपसभापति नागेश कोइरालाले बताए ।

नेपाल-बेलायत सम्बन्ध स्थापित भएको २०९ वर्षदेखि नेपाली नेताले बेलायतको संसदमा गएर सम्बोधन गर्ने अवसर पाएका थिएनन् ।

लोकतन्त्र र मानवअधिकार रक्षा, शान्ति स्थापना, भ्रष्टाचार नियन्त्रण र सुशासनका पक्षमा वकालत गरिरहेकाले संसद भवनभित्र सम्बोधनका लागि कोइरालालाई निमन्त्रणा गरिएको हो ।

हिसानका केन्द्रीय उपाध्यक्षसमेत रहेका राजनीतिक विश्लेषक भेषराज पोखरेलले बेलायतले दिएको उच्च सम्मानले डा.कोइरालाको राजनीतिक उचाइ बढाएको प्रतिक्रिया दिए ।

# कलवारद्वारा समाचारको खण्डन
# सत्यतथ्य छानबिन गर्न महासंघको माग

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २० पुस



रौतहट कटहरिया बजारका व्यवसायी रामचन्द्र साह कलवारले आफूविरुद्ध पूर्वाग्रही भएर समाचार आएको भन्दै भर्त्सना गरेका छन् । आफूले नक्कली मलखाद विक्री वितरण नगरी नियमपूर्वक नै वितरण गरेको व्यवसायी कलवारको भनाइ छ ।

जहरीमाई कृषि सहकारी संस्थाका संचालक रहेका व्यवसायी कलवारले शनिबार पत्रकार सम्मेलन गर्दै सहकारीको नाममा आउने मलखाद नियमपूर्वक सम्बन्धित वडाका अध्यक्षको रोहवरमा वितरण गर्दा आफ्नो स्वार्थपूर्तिका लागि बदनाम गर्न खोजिएको बताए । पटकपटक एउटै विषयलाई लिई आफूलाई बदनाम गर्न थालेपछि बाध्य भएर आफू प्रतिवादमा उत्रिएको पनि उनले बताए ।

वीरगन्जबाट आधिकारिक विक्रेतासँग भ्याट बिलमा चाइनिज मलखाद खरिद गरी ल्याएर विक्री गर्दा २ नम्बर बनाई विक्री वितरण गर्ने गरेको, जनतालाई मलखाद नदिने गरेको र तस्करी गरेका जस्ता विषयमा आफूमाथि लागेका आरोपहरू निराधार रहेका उनले पत्रकार सम्मेलनमा प्रस्ट पारेका छन् । कटहरिया म्युजिकल एफएमका प्रकाश श्रेष्ठले माग गरेअनुसार आर्थिक सहयोग गर्न असमर्थता जनाउँदा आफ्नो नाम जोडेर बदनाम गरेको कलवारले आरोप लगाए ।

कटहरियाका ३ वटा वडाहरूमा आफूहरूले चलाउने ३ वटै सहकारी संस्थाबाट नियमअनुसार मलखाद वितरण गर्ने गरेको उनको दाबी छ । सम्बन्धित वडासँगै कृषि शाखा कटहरियाको सिफारिस गरी अनलाइन गरेर मात्र मलखाद वितरण गर्ने गरेको सहकारी संचालक कलवारले स्पष्ट पारे ।

भ्याटदेखि नेपाल सरकारको सबै प्रक्रिया पूरा गरेर पसल संचालन गरेको हुँदा गलत भए अनुगमन गरेर कारबाही गर्नसमेत उनले आग्रह गरे । यता, पत्रकार श्रेष्ठले भने व्यवसायीको आरोपको खण्डन गर्दै समाचार लेखेकै कारण आफूलाई फोनमार्फत विभिन्न धम्की आएको बताए ।

यसैबीच नेपाल पत्रकार महासंघ रौतहट शाखाले प्रेस विज्ञप्ति निकालेर घटनाको सत्यतथ्य छानबिन गर्न माग गरेको छ । महासंघका सचिव गौतम श्रेष्ठले एक विज्ञप्ति जारी गर्दै घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको बताएका छन् । समाचारका विषयमा चित्त नबुझे कानुनी उपचार विधि र प्रक्रिया हुँदाहुँदै धम्की दिनु प्रेस स्वतन्त्रता र पत्रकारको पेसागत मर्यादामाथि गम्भीर आक्रमण भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

घटनाको छानबिन गरी दोषी उपर कानुनी कारबाही गर्न तथा समाचारको विषयमा आउने यस्ता धाक धम्कीपूर्ण कार्य बन्द गर्न र जनताको सूचनाको हक स्थापित गर्न महासंघले सबैमा अनुरोधसमेत गरेको छ ।

# कतारमा मनाइयो तमु ल्होसार

**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, २० पुस




कतारमा रहेका तमुहरूले आफ्नो महान् पर्व 'तमु सर्प्ही ल्हो-ल्होसार' गिद्ध (गरुड) वर्षलाई विदाइ गरी सर्प वर्षलाई स्वागत गर्दै 'तमु ल्होसार' मनाए । करिब हजारको संख्यामा उपस्थित तमु तथा अन्य नेपालीहरूमाझ शुक्रबार आइडियल इन्डियन स्कुलको सभा हलमा ल्होसार मनाइएको हो । गुरुङ समुदायका मानिस परम्परागत भेषभुषामा सजिएका थिए । मध्याह्नबाट सुरु भएको कार्यक्रमको रौनक रातको ८ बजेसम्म चलिरह्यो ।

तमु गुरुङ समाज कतारकी अध्यक्ष टौमाया गुरुङको अध्यक्षता तथा गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्का उपमहासचिव प्रविण गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा तमु संस्कार अनुसार क्रेगी र भाङराद्वारा कार्यक्रमका सभापति र प्रमुख अतिथिलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा सांगीतिक प्रस्तुति दिन नेपालबाट आएका हास्य कलाकार तथा जादुगर शेरबहादुर गुरुङ र लोक दोहोरी तथा कौडा चुड्का गायिका बबिता गुरुङले धमाका मच्चाए । गायिका गुरुङले कतारसम्म आउने वातावरण मिलाइदिएकोमा आयोजकप्रति आभार व्यक्त गर्दै दुई चरणमा 'खो पाते खो', 'सालैजो हावा सरर', 'कौडा', 'को पाते गोर्खाको डाडैमा डोल्स्यो राम्रानी', 'लाँकुरी बोटैमा'लगायताका गीतहरूले भरपुर मनोरञ्जन दिलाइन् । नेपालबाट आमन्त्रित अर्का जादुगर शेर बहादुरले आफ्नो जादुको कला देखाउँदा प्रांगणमा रहेका दर्शक तथा कार्यक्रमका पाहुनागणहरू दंग परेर हेरिरहेका थिए । उनले जादुसँगै पेस गरेका नृत्यले अतिरिक्त मनोरञ्जन प्रदान गरेको थियो ।


तमु सांस्कृतिक परिवारमा आबद्ध रहेका कलाकारहरूले सांगीतिक प्रस्तुति दिएका थिए । कार्यक्रममा कतारमा स्थापित विभिन्न संघसस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति सहित शुभकामना मन्तव्य रहेको थियो । आदिवासी जनजाति महासंघमा आबद्ध मातृ संस्थाहरूसहित पाल्पाली सेवा समाज कतारले चलिआएको रीतिरिवाज तथा संस्कृतिको समेत जगेर्ना गर्ने बताउँदै आयोजक तमु गुरुङ समाज कतार परिवारलाई सामूहिक रूपमा कोसेली प्रदान गरेका थिए । तमु समाजसँग आबद्ध रहेर विभिन्न समयमा विशेष सहयोग गर्ने विशिष्ट व्यक्तित्वहरू क्रान्ति सिंह, विमल सुवेदी, माया केसी, रमेश भट्ट, कमलमणि गुरागाईंलाई भांग्राद्वारा सम्मान गरी मानार्थ सदस्यताको प्रमाण पत्र प्रदान गरिएको थियो ।

आफ्नो मन्तव्यका क्रममा प्रमुख अतिथि गुरुङले तमुहरू एक भएर अगाडि बढ्ने हो भने समुदायभरिकै उत्कृष्ट समुदाय बन्न सक्ने बताए । गुरुङले आफू कतार प्रवेश गरेको समयलाई स्मरण गर्दै कतारमा रहेका दुई तमु संस्थाले अलग-अलग तरिकाले ल्होसार मनाउँदै जाने हो भने समाज भाँडिने र दोहाको समाजले हेर्ने दृष्टिकोण नै फरक हुने विचार व्यक्त गर्दै एकताको विकल्प नरहेको बताए । समाजका महासचिव डिजन गुरुङले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष टौमाया गुरुङले विगत तीन महिनादेखि कार्यक्रमको तयारीका साथै प्रचारप्रसार गर्दै आइरहेता पनि विभिन्न बाधा अवरोध गर्दै कार्यक्रम जुधाउनेप्रति रुष्ट देखिइन् । एउटै समुदायले एकै चाड अलग-अलग स्थानमा मनाउँदै गर्दा एउटा चुल्होको भान्सा दुई तिर छुट्टिएको र यसले आफूलाई दुखी बनाएको बताइन् । उनले दुई वटा संस्थाहरू एकै मालामा बाँधिएर अगाडि बढ्नुको विकल्प नरहेको पनि बताइन् । उनले ल्होसार कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्णलाई आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गरिन् । त्यस्तै हरेक वर्ष छेलो फाल्ने प्रतियोगितामा विजयी हुने तमुलाई म्र(राजा) छान्ने प्रचलनअनुसार यस वर्षको राजाका रूपमा हर्क गुरुङ (लमजुङ) छानिएका छन् ।

संस्थाको महिला विभागकी संयोजक शिला गुरुङले स्वागत मन्तव्य राखेको कार्यक्रममा समाजका प्रथम उपाध्यक्ष तेज तमुले संस्थागत तथा सर्फी ल्होसारका बारेमा प्रष्टाएका थिए । कार्यक्रममा कलाकारहरू रोजिना गुरुङ, पुष्पा गुरुङ, सोनी आले मगर, मौसमी गुरुङ, संगीता गुरुङ, तिलमाया गुरुङ, विशाल गुरुङ, विमल गुरुङ, टिकाराज गुरुङ, सरला तामाङ, रुस्तम तामाङ, गोविन्द गुरुङलगायतका कलाकारहरूले सांगीतिक प्रस्तुति दिएका थिए ।

कार्यक्रमको प्रांगणलाई तोरण, बेलुन र मालाले झकिझकाउ बनाइएको थियो । 'ल्हो'को अर्थ वर्ष र 'सार'को अर्थ फेरिनु भएकाले वर्ष फेरिने दिनलाई 'ल्होसार' भनिएको हो । तामाङ, शेर्पा र अन्य हिमाली समुदायले पनि ल्होसार पर्वलाई फरक स्वरूपमा भव्य रूपमा मनाउँछन् । तर उनीहरूले मनाउने ल्होसारको समय भने फरक छ ।

# पत्रकार पुडासैनीको निधन



**काठमाडौं/मस-** पत्रकार श्यामसुन्दर पुडासैनीको निधन भएको छ । काठमाडौं कपनस्थित कोठामा शुक्रबार राति १० बजे अचेत भएका ३३ वर्षीय पुडासैनीलाई उपचारका लागि चाबहिलस्थित हेल्पिङ ह्यान्डस अस्पतालमा पुऱ्याएलगत्तै निधन भएको हो । उनको शवलाई शनिबार तादी र त्रिशूली नदीको संगम देवीघाट नुवाकोटमा अन्त्येष्टि गरिएको छ ।


दाहसंस्कार गर्नुअघि पार्थिव शरीरमा नेपाल पत्रकार महासंघ नुवाकोट जिल्ला शाखाका अध्यक्ष नमराज सुवेदीसहित जिल्लास्थित पत्रकार, शुभचिन्तकलगायत व्यक्तिले अन्तिम श्रद्धाञ्जली दिएका थिए ।

नेपाल भ्युज अनलाइनमा कार्यरत पुडासैनी शुक्रबार कार्यालयको काम सकेर कपनस्थित आफ्नो निवासमा फर्केलगत्तै हृदयघातका कारण अचेत भएका थिए । नुवाकोटबाट तेह्र वर्षअघि पत्रकारिता सुरु गरेका उनी यस अवधिसम्म एक दर्जनभन्दा बढी छापा, रेडियो, टिभी र अनलाइन माध्यममा आबद्ध भएर जोखिमपूर्ण खोज पत्रकारितामा सक्रिय रहँदै आएका थिए ।

यसैबीच नेपाल पत्रकार महासंघले पुडासैनीको निधनप्रति दुःख व्यक्त गरेको छ । महासंघका महासचिव रामप्रसाद दाहालले विज्ञप्ति निकाल्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरेका छन् ।

# राजदूत नियुक्तिमा बेवास्ता गरेको मुस्लिम अगुवाहरूको आरोप

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २० पुस



सरकारले हालै पाँच प्रमुख देशहरूका लागि राजदूतहरूको नियुक्ति गरेको छ । तर, यो सूचीमा मुस्लिम समुदायको प्रतिनिधित्व नहुँदा संवैधानिक समावेशी सिद्धान्तको उल्लंघन भएको भन्दै मुस्लिम अगुवाहरूले सरकारको आलोचना गरेका छन् ।

नेपालको संविधानको धारा २८२(१)ले समावेशी सिद्धान्तलाई प्राथमिकता दिनुपर्ने स्पष्ट व्यवस्था गरेको छ । तर, पोर्चुगल, दक्षिण अफ्रिका, बेल्जियम, मलेसिया र डेनमार्कका लागि नियुक्त गरिएका राजदूतहरूको सूचीमा मुस्लिम प्रतिनिधित्व नहुनु संविधानको खुला उल्लंघन भएको मुस्लिम नेताहरूले बताएका छन् ।

राष्ट्रिय मदरसा संघ नेपालका अध्यक्ष डा.अब्दुल गनी अल्कूफीले यस निर्णयलाई मुस्लिम अल्पसंख्यक समुदायका संवैधानिक अधिकारमाथिको आक्रमण भएको बताए । 'यो निर्णय मुस्लिम समुदायलाई संविधानले ग्यारेन्टी गरेको अधिकारबाट वञ्चित गर्ने योजना हो,' उनले भने,'सरकारले तुरुन्तै यो निर्णय पुनर्विचार गर्नुपर्छ । मुस्लिम समुदायले आफ्नो हकका लागि कानुनी र संवैधानिक उपायहरू अपनाउनेछ ।'

राष्ट्रिय मदरसा संघ नेपालका महासचिव र माओवादी केन्द्रका नेता मौलाना मशहूद खाँ नेपालीले सरकारको यस कदम भेदभावपूर्ण रहेको बताए ।

उनले भने,'मुस्लिम समुदाय देशको विकासमा बराबरको भागीदार भएपनि सरकारको यो निर्णयले उनीहरूलाई दोस्रो दर्जाको नागरिक बनाउन खोजेको छ । यो संविधानको समावेशी सिद्धान्तमाथि प्रत्यक्ष आक्रमण हो ।'

यस्तै राजदूत नियुक्तिमा मुस्लिम प्रतिनिधित्वको अभाव नेपालमा मुस्लिम समुदायप्रति जारी भेदभावको प्रमाण भएको मुस्लिम अगुवाहरूले बताए । उनीहरुले मुस्लिम अगुवाहरू र समुदायले सरकारसँग निर्णय पुनर्विचार गरी मुस्लिम समुदायलाई प्रतिनिधित्व दिन माग गरेका छन् । मुस्लिम समुदायले सरकारलाई आफ्ना संवैधानिक अधिकारहरू सुनिश्चित गर्न दबाब दिने बताएको छ ।


## साउदीमा रोजगार

कम्पनी: EXPENSIVE LAUNDRIES MAHFOUZ ABDULLAH AL QURASHI FOR WASHING CLOTHES शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०८१/०९/१६ चलानी नं.: ६०२३०८०१ L.T. No.: 316434

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MASAS AL-SARAR NATURAL FEED FACTORY शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/०९/१९ चलानी नं.: ६०२३०८०० L.T. No.: 316522

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 1 | 0 | | 1800 | ६५६२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २८ गते (12 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

THE KANTIPUR GROUP
कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.:०१-४९८८८०८ फ्याक्स: ४३८१११७
श्रम इजाजत नं. ५२३/०६१/०६२
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com

## सम्पादकीय

# जनताले नभेट्ने सरकार

दसैं मनाउने तयारी चलिरहँदा गत असोज पहिलो साता परेको अत्यधिक वर्षाबाट ठूलो संख्यामा जनधनको क्षति भयो । गृह मन्त्रालयको तथ्यांकअनुसार २२४ जनाको मृत्यु भयो भने २४ जना बेपत्ता भए । १५८ जना घाइते भए । सिन्धुपाल्चोक, ललितपुर, काठमाडौं, काभ्रे, धादिङ, सिन्धुली, मकवानपुरलगायत २१ जिल्लामा भएको भौतिक संरचनाको क्षति खर्बौंको आकारमा छ । कीर्तिमानी वर्षापछि आएको बाढी, पहिरो र डुबानबाट १ हजार ७६७ घरमा क्षति पुग्यो । सबैभन्दा बढी क्षति बाग्मती प्रदेशमा भयो । बाढीका कारण ५५ वटा पुलमा क्षति पुगेको थियो । राजधानी उपत्यकासँग जोडिने राजमार्गहरू क्षतिग्रस्त बनेका थिए । धेरै बस्तीहरूको अस्तित्व नै नामेट बनाउनेगरी बाढी, पहिरो आएको थियो ।

सरकारी विवरणहरू अनुसार साढे ३ खर्बको खानेपानी संरचना, झण्डै ३ अर्बको सडक, ऊर्जातर्फ २ अर्ब र कृषि तथा पशुपक्षीतर्फ ६ अर्ब बढीको क्षति भएको थियो । प्रकोपबाट हुन गएको मानवीय क्षति अपूरणीय हुने नै भयो । बाँकी संरचनाको पुनर्निर्माण पनि सहज थिएन । यो तहको संकटमा सरकारले मुख्य दायित्व भनेको पीडित परिवारको जीवनरक्षा हो । घाइतेहरूको उपचार, मृतक परिवारलाई राहत र यथाशीघ्र पुनर्स्थापनामा विशेष कार्यक्रम ल्याउनुपर्ने हो । तर, उद्धार कार्यबाटै चुक्न थालेको सरकार अहिले बाढी, पहिरोपीडितहरूको अवस्थाप्रति बेखबर जस्तै देखिन पुगेको छ । प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री र शीर्ष नेताहरूको बोलीमा बाढी, पहिरोपीडितको कुरा कतै सुनिँदैन ।

प्रधानमन्त्री केपी शर्मा ओलीले निरन्तर बोलेर धेरैको सम्झनामा रहेको शब्द छ- यो सरकार ढल्दैन । प्रधानमन्त्री नियुक्त भएदेखि नै ओलीले वर्तमान सत्ता गठबन्धन र आफ्नो पद सुरक्षित रहेको सन्देश बारम्बार दिइरहेका छन् । सत्ता साझेदार नेपाली कांग्रेस र नेकपा एमालेका अरू नेताहरूले पनि बारम्बार गठबन्धनकै चिन्ता गरिरहेका छन् बरू बेलाबखत पार्टीभित्र संघर्षका कुरा चर्चामा आउने गरेको छ । प्रधानमन्त्री ओलीले भर्खरै मात्र भीम रावललाई पार्टीबाट निष्कासन गरेर मुलुकको ध्यान तानेका छन् । रवि लामिछाने प्रकरण मुलुकको मुख्य चासोको विषय बनेको छ । तर, गत वर्षको जाजरकोट भूकम्पपीडित र यसपालाको बाढी, पहिरोपीडितबारे सामान्य चासोसमेत देखिँदैन । पीडितहरू अत्यधिक चिसो सहेर खुला आकाशमुनि रात बिताउन बाध्य छन् । चिसोकै कारण दीर्घरोगीहरूमा समस्या परिरहेको छ तर नेताहरूको ध्यान सत्ता सुरक्षित राख्ने र अर्को समीकरणको प्रयत्न गर्नेमा देखिन्छ ।

# सुख र समृद्धि खोसिएको देश

देशको समृद्धिको पहिलो आधार सुशासन हो । सुशासनको प्रयोगले नै संसारमा आज धेरै देश समृद्ध भएका छन्, आर्थिक विकास गरेका छन् । विकासोन्मुख भनिएका नेपाल जस्ता देशहरूको रोग भ्रष्टाचार हो, जुन प्राणघातक क्यान्सर जस्तै भएको छ ।

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

शासनमा बस्नेहरू कानुनी शासन र सुशासन अनि पद्धतिबारे भाषण गरेर कहिल्यै थाक्दैनन् र भ्रष्टाचार म पनि गर्दिनँ, अरूलाई पनि गर्न दिन्नँ भन्छन् तथापि भ्रष्टाचार घटेको होइन, मौलाएको छ ।



लोकतन्त्रले देशको सुख र समृद्धि खोसेको छ। औसतमा वैदेशिक रोजगारीका लागि विदेशिनेको संख्या बढ्दै छ, मासिक ६० देखि ७० हजार बढी छ। यस पटक गत मंसिरमा यो संख्या उछिनियो, ८४ हजार २३६ जना विदेश गए ।

गत आर्थिक वर्षको पहिलो ५ महिनामा २ लाख ७४ हजार ५१७ जना विदेशिएकामा यसपालि यो आर्थिक वर्षको पहिलो ५ महिनामा ३ लाख २५ हजार ८०९ जना देखिए । लोकतन्त्र, गणतन्त्र, संघीयताले न युवालाई रोजगारी यहाँ दिन सक्यो, न त आमनेपालीलाई सुख र समृद्धि नै, बरु चिसोमा वृद्धहरू आँसु पुछ्दै दिन गुजारिरहेका छन्। न न्यानो कपडा छ, न त आङ ढाक्ने ऊनीका गतिला कपडाहरू नै ।

सन्तति विदेशिए, रोइलो छ, यहाँ कति बेखबर छन्, लास मात्रै भित्रिने गरेको छ। आफ्नै देशमा उद्योगधन्दा, पेट पाल्न सक्ने आय आर्जन हुन्थ्यो भने परिवार निस्तब्ध पारेर दैलो बन्द गरेर विदेशिनुपर्ने थिएन ।

देशको समृद्धिको पहिलो आधार सुशासन हो । सुशासनको प्रयोगले नै संसारमा आज धेरै देश समृद्ध भएका छन्, आर्थिक विकास गरेका छन् । सिंगापुर, अमेरिका, चीन र नजिकको भारतको उदाहरण नै पर्याप्त छ। विकासोन्मुख भनिएका नेपाल जस्ता देशहरूको रोग भ्रष्टाचार हो, जुन प्राणघातक क्यान्सर जस्तै भएको छ ।

हाम्रो देशमा सुशासनको सुगा रटाइ गरेको दशकौं भइसकेको छ, उन्नत लोकतन्त्र आएपछि यसको मन्त्र बढी जप्ने गरिएको छ । सुशासनको प्रतिफल प्राप्त भएको छैन र नकारात्मक फल भने धेरै मिलेको छ। कम जनता, बढी सरकार, देखाउने एउटा गर्ने, अर्कै काम ।

सुशासनको कुरो गर्ने दशकौंसम्म ठूलो पद लिएर बकेका, पछिल्लो समय बीमा प्राधिकरणको जिम्मा पाएका व्यक्ति यति बेला नागरिकता केसमा मुछिएका छन् । हाम्रो प्रशासनको विज्ञता र क्षमता कस्तो रहेछ, यसैबाट स्पष्ट हुन्छ, अन्य धेरै राजनीतिक ओहदाहरू त हामीले देखेकै हौं ।

त्यसो त प्रहरीलगायत प्रशासनका उपल्लो तहहरू नै बन्दी परेको देश पनि यही हो । मेयर, उपमेयरको जोडी नै निलम्बनमा परेको, पछिल्लो केस नागार्जुनको आइरहेको छ। जनप्रतिनिधिहरू नै यसरी डामिए भने लोकतन्त्र दिवास्वप्न र हास्यास्पद मात्रै हुन्छ । यसअघि धेरै नगरपालिकाहरू, मधेश प्रदेशका थुप्रैको नाम आएको हो ।

सरकारी जग्गा हिनामिना मात्रै होइन, स्टिकर काण्ड, वाइडबडीदेखि ललिता निवास, भुटानी शरणार्थी काण्डदेखि सगरमाथाको जग्गा, बाल मन्दिर, गोकर्ण रिसोर्ट, गिरी बन्धु चिया बगानदेखि साना-ठूला काण्डै काण्डले चिनिएको देशमा जे-जति गरे पनि नाम कमाउन सकिने अवस्था छैन ।

कुख्यात, प्रख्यात हुने देशलाई सतीको श्राप पनि छ भन्ने गरिन्छ। बजेट बाठाका लागि भयो, जनतालाई भएन। गरिबी न्यूनीकरण अभियान र वर्षौं अघिदेखिका पञ्च वर्षीय योजनाहरू तुहिएका छन् । प्रगति शून्य छ ।

आर्थिक चलखेल गर्न नजान्नेहरू यहाँ पछि पर्छन् र धनाढ्यहरूले चाल पाइसकेका हुन्छन् अनि रातरातै सामान गायब भइहाल्छ, बजारमा पनि । देशले नीतिगत भ्रष्टाचार भनौं, कुनै किसिमको भ्रष्टाचार नहुने भनेको छ । आर्थिक विधेयकहरू त्यस्तै खालका आउँछन् तर गतिलो र भरपर्दो सेवा प्रवाह भएको छैन ।

देशमा विधिको शासनको मापन सूचकांक घट्दै आएको छ । विदेशी च्यानलहरूले यहाँका गतिविधिलाई खुलेर ल्याइरहेका छन्। थाहै नदिई २ छिमेकी मिलेर महाकाली बाटो प्रयोग गर्दै कैलाश मानसरोवर यात्रा तय भइसक्यो भनिँदै छ। संसद्मा हिलो छ्यापाछ्याप हुन्छ, नखुल्दा सहकारी अध्यादेश आयो, पीडितले न्याय पाउलान् त सहकारी बोर्ड परिवर्तन भएर ? प्राधिकरणमा दरबन्दी, नयाँ भर्ती मात्रै हुने हो कि !

संस्था बदलेर हामी भन्छौं सुशासन। बेरुजु, व्यापार घाटा र विदेशी ऋण कति छ देशमा ? गत आर्थिक वर्षमा सबैभन्दा बढी विदेशिने महिना जेठ थियो, अहिले मंसिर बनेको छ । बस् विप्रेषणको अब्बल देश बनेको छ विश्वमा यो ।

नीतिले भनेको छ, पैसाले झुट किन्न सकिन्छ, सत्य होइन । मूर्ति किन्न सकिन्छ, ईश्वर होइन । ओछ्यान किन्न सकिन्छ, निद्रा होइन । बाध्यता किन्न सकिन्छ, रहर होइन । भोजन किन्न सकिन्छ, भोक होइन । सुख किन्न सकिन्छ, शान्ति होइन । मान्छे किन्न सकिन्छ, इमानदारी होइन ।

ओखती किन्न सकिन्छ, स्वास्थ्य होइन । पुस्तक किन्न सकिन्छ, ज्ञान होइन । कलम किन्न सकिन्छ, विचार होइन । दास किन्न सकिन्छ, सेवक होइन र स्त्री किन्न सकिन्छ, श्रीमती होइन ।

तर, मान्छेले पैसाबाहेक अरू केही देखेकै छैन अहिले । इतिहासलाई मेटेर अगाडि बढ्दा कुनै देशले प्रगति गरेकै छैन। भौतिक, क्षणिक सुखको चाहना राखेर विलासी शैलीको जीवनयापन गर्दै देशमाथि ठूलो ऋणको भार थोपरिएको छ।

खासगरी अधिकार प्राप्त व्यक्तिले आफ्नो स्वेच्छाले कानुनको विवेचना गर्न थाल्यो, हाल त पद, प्रतिष्ठाको जताततै दुरुपयोग भएको हाम्रै आँखाले देखिरहेका छौं । आफन्त र ठूलाको आडमा बेखबर छ व्यक्ति, समाज भनौं, धेरै परिवेश । नैतिक मूल्य र मान्यताविपरीत कामहरू हुन थालेका छन् । नीतिले शासन व्यवस्था पनि चल्नै छाड्यो, नीतिगत भ्रष्टाचारका कुरा छरपस्ट नै छन् समाजमा ।

मानवको उद्देश्य धर्म, अर्थ, काम र मोक्ष हो । त्यो बिर्सिएको अवस्था छ। पैसा, पद, प्रतिष्ठा, पुत्र, पुत्री परिवार मोहले सदाचारको शब्द केवल शब्दकोशमा खोज्नुपर्ने अवस्था छ ।

जीवन संचालनार्थ कृषि, गोरक्ष र सत्यकै धरातलमा अडेर वाणिज्य, व्यापार, समाजको सेवाको परिकल्पनालाई छाडेर कमिसन मोहमा परेको छ समाज आज । आर्थिक लेनदेन मात्र नगर्नु सदाचार होइन किन्तु समयको परिपालना नगर्नु पनि भ्रष्टाचारभित्रै नै पर्छ । समयमा सेवा प्रवाह नगर्नु, न्याय निरूपण समयमै नहुनु धेरै विषय छन् यसको दायरामा आउने ।

सार्वजनिक प्रशासनका गुरुहरूले भनेका छन्- कुनै खराब काम गर्नु मात्र भ्रष्टाचार नभएर गर्नु पर्ने काम नगर्नु पनि भ्रष्टाचार हो ।

शासनमा बस्नेहरू कानुनी शासन र सुशासन अनि पद्धतिबारे भाषण गरेर कहिल्यै थाक्दैनन् र भ्रष्टाचार म पनि गर्दिनँ, अरूलाई पनि गर्न दिन्नँ भन्छन् तथापि भ्रष्टाचार घटेको होइन, मौलाएको छ। स्थिर, जननिर्वाचित सरकारले समेत देशमा भ्रष्टाचारको रोग निदान गर्न सक्दैन भने कहिले र कसले गर्ने त ?

लोकतन्त्रको आदर्श आमनिर्वाचनपछि पनि सार्वजनिक क्षेत्रमा भ्रष्टाचार झन् भइरहनु, व्यापार व्यवसायमा अतिरिक्त खर्च गर्न परिरहनु, पदीय अधिकारको दुरुपयोग भइरहनु, अनुगमन पक्ष कमजोर हुनु भनेको राज्यको कमजोर पक्ष भन्नुपर्छ । खासगरी ठेक्कापट्टामा, सार्वजनिक सेवा प्राप्त गर्दा, कर भुक्तानीमा, छिटो न्याय पाउने कुरामा भ्रष्टाचारको सम्भावना अधिक रहने गरेको सुनिन्छ ।

राजनीतिक भ्रष्टाचार त अन्य भ्रष्टाचारभन्दा कडा खालको हुन्छ । हिजोआज सबैतिर खर्च बढेको छ, चुनाव पनि निकै खर्चिलो छ, शिक्षा, स्वास्थ्य भनौं, समग्र बजार अतिमहँगो छ । सिंगो प्रशासन नै बदनाममा छ अहिले ।

आजको समाजले बहादुरी सम्झेको छ, कहालीलाग्दो अनि अनगिन्ती कुकर्म गरेर, हिंसा पनि ढाकछोप हुने गरेको छ । बलको तुजुक छ, चरम लापरबाही छ । ओठे भक्ति छ र जताततै सन्नाटा छाएको छ । आजको संसारले लिएको सुशासन र विश्व शान्ति गोहीको आँसु जस्तो भएको छ । विगतमा नेपाललगायत संसारमा रक्ताम्य भयो अनि खोइ त आजको संसारमा हामीले कल्पना गरेको शान्ति र समृद्धि ? अनि, विकासका नाममा गाउँ बस्तीमा डोजर दौडाएर भए नभएको पैसा रोपेर बाढी, पहिरोको समस्या थपिएन र ?

भ्यु टावरले नेपालको समृद्धि कहिले हेर्ला त ? धेरै त काम खोज्दै विदेशिए, यहाँ सम्भावना किन भएन ? गाउँको कोदो, बोडी, भटमास, धान, भकारी, चामल, मेला पर्म, साग, घाँसपात, वन, बुट्यान, काँक्रा, फर्सी, तल्ला घरे, माथिल्लो घरे, आगो-पानी साटासाट, ऐंचोपैंचो, गहुँका रोटी, गाई वस्तु गोठ, गोबर, गहुँत, प्रांगारिक वस्तु नेपाली मौलिकपन खोइ त आज ?

राज्य, समाज सबै मिलेर फेरि एक पटक हामीले सोचेजस्तो मौलिक र असल समाज निर्माणतर्फ अग्रसर हुने बेला भएन र ? जनअनुमोदित सरकारले जनताकै हितमा काम गर्नुपर्ने हो । घोषणापत्रअनुसार जनताको मन जितेर जनप्रतिनिधि आएका हुन्छन्, तिनले गरेका वाचा पुऱ्याउनुपर्छ, शब्दको पुलिन्दाले जीविकोपार्जन हुन्न र पेट भरिन्न, न देशको विकास नै । त्यसैले सबै जनप्रतिनिधिले देशको विकास र असल समाज निर्माणमा लाग्नुपर्दैन र ?

कानुनको परिपालना गराउने समग्र राष्ट्र सेवक, कर्मचारी अनि तमाम राज्यका संयन्त्रहरू सदाचारी हुनुपर्दैन र ? इमानदारी त धर्म नै हो, संसारका सबै तत्वहरूले आ-आफ्नो धर्म निभाएका छन् भने हामी सबैले मानव मात्रको सेवाको धर्म निभाउनै पर्छ ।

सार्वजनिक प्रशासनका अगुवाहरू लुथर गुलिक, मास्लो जस्ता विद्वान्हरूले भनेका थिए- नाना, छाना, खाना न्यूनतम हुनै पर्छ सबैलाई । सुरक्षा, स्वास्थ्य, इज्जत, भविष्यप्रतिको चिन्ताबाट मुक्ति, कर्मचारीका बीमा, यातायात, केटाकेटीहरूको अध्ययन, धेरै विषयहरू हुन्छन्, यसबारे राज्य मौन बस्न भने मिल्दैन ।

भोको पेटले कर्मचारी काम गर्न असमर्थ हुन्छ । कामप्रतिको लगनशीलता, उत्प्रेरणा, इमानदारी, जबाफदेहिता जस्ता विषय पनि राज्यले सोच्नुपर्ने हुन्छ । नम्र व्यवहार, सकारात्मक सोच, मुस्कानसहितको सेवा प्रवाह आजको आवश्यकता हो ।

सार्वजनिक प्रशासनको सेवा छिटो छरितो, कम लागतको, झन्झटमुक्त र परिणाममुखी हुनु जरुरी छ । सेवाग्राहीको सन्तुष्टि नै राजनीतिबीचको सहसम्बन्ध, नेतृत्व वर्गले लिने नैतिक आचरण, राजनीतिक प्रणालीप्रतिको सर्वस्वीकार्य भाव, नवीन कार्य, नवीन अवधारणा, सिर्जनशीलता, जोखिम कर्म गर्न सक्ने खुबी एवं क्षमताको विकास यी केही तत्त्वहरू राजनीति र प्रशासन दुवैले सोच्ने विषयहरू हुन् ।

सुशासनका विषयमा हामी धेरै पछि मात्रै छैनौं, सत्तामा पुगेर सबै आफैं सोहोर्ने नीति देखिएको छ, जसबाट आमनागरिक निराश छन् ।

## सामाजिक सञ्जाल



**डम्मर खतिवडा**

प्रम-पूर्वप्रमहरू बसेर भ्रष्टाचारका कुनकुन फाइल खोल्न पर्ने हो, खोलौं भन्ने तर्कमा कुनै दम छैन। त्यसो गर्दा फाइल खोलिने हैन। मिलेमतोमा सबै बन्द गरिने हुन्। राज्यले गर्ने छानबिनमा अब कसरी विश्वास गर्ने ? आँट भए सबै काण्ड र सबैका सम्पत्ति छानबिन गर्न अधिकार सम्पन्न नागरिक आयोग बनाऔं ।



**सूर्यराज आचार्य**

शिक्षामा मेडिओक्रिटी हाबी हुनु भनेको समाजमा सीप र ज्ञानको बिउ मासिँदै जानु हो । नेपालमा यसको स्पष्ट संकेत देखिँदै छ । शिक्षा क्षेत्रमा अतिराजनीतीकरण यसको एउटा कारण हो । तर, शिक्षालाई राजनीतिबाट मुक्त गरेर मात्रै अवस्था सुधार हुँदैन । मेडिओक्रिटीको 'स्टक' क्लियर गर्न उत्तिकै जरुरी ।



**नवराज पन्त**

महेन्द्रको पालामा भारतले काठमाडौंसम्म सडक ल्याउने योजना बनाउँदै गर्दा चीनले नेपालमा २ वटा सडक जोडेको थियो । काठमाडौंको एयरपोर्ट बन्नेबित्तिकै दुवै देशको डाइरेक्ट प्लेन चल्यो । अब काठमाडौं-दिल्ली रेल चल्छ भन्दा चीनले पनि बेइजिङ-काठमाडौं रेल बनाउने छौं भन्छ, बन्छ । दुवैको जो खानामा हामी छौं !



**कृष्ण शर्मा**

गगन थापाले के महसुस गर्नुभयो भने, बाहिर ल्याइएका भनिएका प्रमाण स्थानीय कारखानामा तयार पारिएका हुने रहेछन् । ठोस प्रमाण पाउन गाह्रो रहेछ । भ्रष्टाचारी भन्दै पोल्दै जाँदा कांग्रेस पनि नउम्कने हुँदा कुनकुन फाइल खोल्ने, बसौं भन्नुभएको छ । जुन फाइल खोले पनि ठूला नेताहरू जाकिन्छन् ।

## इतिहासमा आज

५ जनवरी २००६ मा नेपाल-भारतले पारवहन सन्धि अवधिलाई ३ महिनाका लागि बढाएका थिए ।




५ जनवरी २००० मा अन्तर्राष्ट्रिय फुटबल महासंघले पेलेलाई शताब्दीकै सर्वश्रेष्ठ खेलाडी घोषणा गरेको थियो ।



५ जनवरी १९५२ मा बेलायतका प्रधानमन्त्री विस्टन चर्चिल निर्वाचित भएपछि अमेरिकाको पहिलो भ्रमण गरेका थिए ।



५ जनवरी १९०५ मा चार्ल्स पेरिनले बृहस्पति ग्रहको सातौं उपग्रह इलारा पत्ता लगाएका थिए ।



# नेपालको शिक्षा र बेरोजगारी

विचार



● भीम उपाध्याय

कलेज जानेका ९५ प्रतिशत शिक्षा "आउट डेटेड", गुणस्तरहीन, अवैज्ञानिक र निरस, देश, काल, परिस्थिति र विश्व परिवेश तथा मागअनुकूल पनि छैनन् । यसमा लाग्दा ऊर्जाशील ५-६ वर्ष अवधिको जीवन बर्बाद हुँदै आएको छ ।

नेपालमा उच्च शिक्षा हासिल गर्नु भनेको ४-५ वर्ष समय कटाउनु मात्र भएको छ । कलेज जानु भनेको बेरोजगारी हटाउन केही वर्ष अलमल्याउने मेसो मात्र बनेको छ। कलेज जानेका ९५ प्रतिशत शिक्षा 'आउट डेटेड', गुणस्तरहीन, अवैज्ञानिक र निरस, देश, काल, परिस्थिति र विश्व परिवेश तथा मागअनुकूल पनि छैनन् । यसमा लाग्दा ऊर्जाशील ५-६ वर्ष अवधिको जीवन बर्बाद हुँदै आएको छ ।

यहाँका अधिकांश विद्यार्थीहरू दलका आगो फुक्न काम लाग्ने ढुंग्रा मात्र बनेका छन् । अहिले यस्तो शिक्षा पढेर ठूलो मान्छे बनिन्छ भन्ने पनि छैन । ८ वा १० कक्षा पास भए पनि ठूलै पद र पावरमा पुगिन्छ। नेताको पछि लागे बिनायोग्यता वा नक्कली प्रमाण मात्र छ भने पनि जस्तोसुकै नियुक्ति पनि हात लाग्छ ।

बढी पढेकाहरूको यहाँ काम छैन भनेर त्यस्ता गँवार नेताहरूलाई जिताएर जनताले सत्ता सुम्पिँदै रमेकै छन् । नेताका पढाइको स्तर र सीपले यो देश 'बनेकै' छ । विद्यार्थीका पढाइले तिनलाई रोजगारी पाइन्छ भन्ने पनि कुनै ग्यारेन्टी लिने कोही छैन । पाए विदेश हुइँकिने भन्ने हो र यस्तो नेपाली शिक्षा विदेशमा बाहिर आची पुछ्ने कागजजति पनि मान्यता छैन ।

कठै ! न चरित्र, न ज्ञान, न सीप, न कला, न साहित्य, न भाषा, न इतिहास, न भूगोल, न अध्यात्म, न संस्कार, न संस्कृति, न विज्ञान प्रविधि, न खगोल, न मानवताको ज्ञानमा कुनै दख्खल छ। अनि, यस्तो शिक्षा दिन मैले पढाउँछु भन्ने शिक्षकहरूको फुइँ त बकवास र बकबक मात्र हो, तिनका भटचाइँ र फटचाइँ पेट पाल्ने खेती मात्र हुन् ।

यस्तो यहाँको शिक्षाले देशलाई के नै गर्न सक्छ ? अनि, मुलुक कसरी अगाडि बढ्छ ? ८ पास वा १० कक्षा पास गरे मनग्यै पुग्छ । त्यति पढे २१औं शताब्दीको २१औं सालमा पुगेर पनि राष्ट्रपति, प्रम, अर्थमन्त्री, परराष्ट्रमन्त्री भइहालिन्छ ।

८ पासेले नै धेरै पढेको प्रमाणपत्र जागिरमा मात्र काम लाग्छ, अन्यत्र कुनै काम छैन भनेर दिव्य सन्देश दिएका दियै छन् । अनि, बेकारमा यहाँका २ दर्जन विश्वविद्यालयहरू मातहतका कलेजहरूमा वर्षौं पढेर नेपालीले किन जीवन बर्बाद गरेका होलान् ?

नेपाल विश्वकै शिक्षामा पछाडि परेको देश भनेर प्रतिवेदन आएको देखिएको छ । यसरी बाहिरियाले भन्दा मन त दुख्छ तर हामीले नमाने पनि यहाँको हविगत त त्यही नै हो । यो केही वर्ष युवा बेरोजगारीको समस्या समाधान गर्न अलमलिएकै होइनन् र ?

**(उपाध्याय नेपाल सरकारका पूर्वसचिव हुन् ।)**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# जलविद्युत् आयोजनाका शेयर किन्दै कर्णाली सरकार

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २० पुस

कर्णाली प्रदेश सरकारले एकपछि अर्को जलविद्युत् आयोजनामा लगानी बढाइरहेको छ। दुई वर्षअघि एक आयोजनामा शेयर लगानी गरेको कर्णाली सरकारले पुनः अर्को आयोजनामा शेयर लगानी गर्ने भएको हो। कर्णाली प्रदेश सरकारका प्रवक्ता विनोदकुमार शाहका अनुसार सरकारले डोल्पामा निर्माण हुने जगदुल्ला 'ए' अर्धजलाशययुक्त जलविद्युत आयोजनाको शेयर किन्ने भएको हो । त्यसका लागि शुक्रबार बसेको मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छ।

उक्त आयोजना १२० मेगावाट क्षमताको हो । निर्माण कम्पनीले आह्वान गरेको शेयरमध्ये ४१ करोड ४९ लाख ३० हजार ३६० रुपैयाँ बराबरको शेयर लगानी प्रदेश सरकारले गर्ने छ । यो आयोजना डोल्पाको मुड्केचुला गाउँपालिका र जाजरकोटको नलगाड नगरपालिकामा पर्दछ । प्रदेश सरकारले दुई वर्षअघि जगदुल्ला जलविद्युत् आयोजनाको ५ प्रतिशत शेयर किनेको थियो।

तत्कालीन मुख्यमन्त्री जीवनबहादुर शाहीले शेयर किन्ने योजना अघि सारेका थिए । सोही अनुसार त्यो बेला प्रदेश सरकारले ११ लाख ७१ हजार ५०० कित्ता शेयर खरिद गरेको थियो। प्रदेश सरकारले प्रति शेयर एक सयका दरले ११ करोड ७१ लाख ५० हजार शेयर वापतको रकम जगदुल्ला हाइड्रोपावर




कम्पनी लिमिटेडलाई दिएको थियो।

**दोस्रो पञ्चवर्षीय योजना स्वीकृत**

शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले दोस्रो पञ्चवर्षीय योजना पनि स्वीकृत गरेको छ । प्रदेश योजना आयोगले तयार पारेको उक्त योजना चालु आर्थिक वर्षदेखि आर्थिक वर्ष ०८५/०८६ सम्म लागु हुन्छ । योजनामा ५ वर्षभित्र अर्थात् आर्थिक वर्ष ०८५/०८६ सम्म कर्णालीको आर्थिक वृद्धिदर ९.९ प्रतिशत हुने अनुमान गरिएको छ।

पाँच वर्षको अवधिमा ५२ खर्ब २ अर्ब ९२ करोड बृहत् आर्थिक क्षेत्रगत लगानीको स्रोत प्रक्षेपण गरिएको छ भने त्यसमा कृषि, उद्योग र सेवा क्षेत्र उल्लेख गरिएको छ । त्यसमा ५०.८ प्रतिशत सार्वजनिक लगानी, ४४.९ निजी लगानी र ४.४ प्रतिशत सहकारीको लगानी प्रक्षेपण गरिएको छ । योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीले कर्णालीको आवश्यकता, विकासका नवीनतम ज्ञान, अनुभव र उपलब्ध स्रोत साधन, विकासका सम्भावना तथा अवसरका आधारमा दोस्रो पञ्चवर्षीय योजना तयार गरिएको बताए । योजनामा 'सुशासन, सामाजिक न्याय र आम समृद्धि' सोचलाई अघि सारिएको छ। उक्त योजना कार्यान्वयन गर्न सोच, लक्ष्य, उद्देश्यदेखि रणनीतिसमेत बनाइएको छ । आयोगका अनुसार उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र निर्माण गरी सुशासन र सामाजिक न्यायमार्फत समाजवाद उन्मुख समुन्नत कर्णाली निर्माण गर्ने लक्ष्य छ। यस्तै उत्पादन, रोजगारी र आय वृद्धि तथा गरिबी न्यूनीकरण गर्नु, सहज तथा सर्वसुलभ पहुँच र सघन आबद्धता कायम, सिर्जनशील, सम्मानित तथा न्यायपूर्ण समाज प्रवर्द्धन गर्नु र सुशासन प्रवर्द्धन तथा विकासको प्रतिफल आम जनतासामु पुऱ्याउने उद्देश्य लिइएको छ।

**प्रदेश सभा बैठक आह्वान**

मन्त्रिपरिषद्को बैठकले प्रदेश सभाको पाँचौं अधिवेशन आगामी माघ ७ गते बोलाउन प्रदेश प्रमुख समक्ष सिफारिस गरेको छ । प्रदेश सभाको चौथो अधिवेशन गत असोज १५ गते अन्त्य भएको थियो।

यस्तै कर्णाली प्रदेश आमसञ्चार व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमाका लागि बनेको सैद्धान्तिक अवधारणा पत्र स्वीकृत गर्ने, कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०८१ स्वीकृत गर्ने, कर्णाली प्रदेश सरकार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय मन्त्रिपरिषद्बाट भएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री एवम् सरकारका प्रवक्ता विनोदकुमार शाहले जानकारी दिए।

उक्त बैठकबाट कर्णाली प्रदेश जलचर संरक्षण विधेयक मस्यौदा तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने, एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने, कर्णाली प्रदेश जीवनाशक विषादी विधेयकको मस्यौदा तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने, कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरिएको छ।

यस्तै लुम्बिनी सरकार र कर्णाली सरकारबीच विकास तथा समृद्धिका लागि गरिएका प्रतिबद्धता अनुमोदन गर्ने, बालसुधार गृह स्थापना तथा सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विस्तार सुधार कार्यक्रम कार्यविधि, २०८१ र महिला उद्यमी पुरस्कार वितरण कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय पनि मन्त्रिपरिषद्बाट छ । साथै मन्त्रिपरिषदबाट दोस्रो पञ्चवर्षीय योजना समेत पारित गरिएको छ।

यस्तै मुख्यमन्त्री डिजिटल शिक्षार नमूना विद्यालय कार्यक्रम कार्यविधि, २०८१ स्वीकृत गरेको छ। विगत चार आर्थिक वर्षदेखि नीति तथा कार्यक्रम र बजेटमा समेटिएको यो कार्यक्रम केही वर्षयता अलपत्र परेको थियो । गत आर्थिक वर्ष (०८०/०८१) मा यो कार्यक्रम केही संशोधन भएर आएको थियो । अब यो कार्यक्रमको कार्यविधि स्वीकृत भएसँगै कार्यक्रम कार्यान्वयन जाने विश्वास मन्त्री शाहको छ। कर्णाली सरकारको उक्त कार्यक्रम निकै महत्वकांक्षी समेत मानिएको छ।

## पौवादुङमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**च्याङ्गे, भोजपुर**
**कोशी प्रदेश, नेपाल**

### विद्युतिय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८१/०९/२१)**

मिति २०८१/०७/३० गतेको प्रकाशित विद्युतिय बोलपत्र आव्हान गरिएको सूचना अनुसार खरिद मूल्याङ्कन समितिको मिति २०८१/०९/१८ गतेको निर्णय अनुसार निम्न बमोजिमको कार्यको लागी विद्युतिय बोलपत्र आह्वान भई तोकीएको म्याद भित्र दर्ता हुन आएका विद्युतिय बोलपत्रहरु मध्ये तपसिल बमोजिमका विद्युतिय बोलपत्रदाताहरुको विद्युतिय बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै विद्युतिय बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको विद्युतिय बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | PRM/NCB/Goods/081-82/02 | The Procurement of Supply & Delivery of Coloured C.G.I. Sheet | Sahewala Trading Pvt. Ltd., Bhadrapur-8, Jhapa | 2,548,150.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

# सूचनाको हक कार्यान्वयन र न्याय सम्पादनमा जोड



**काठमाडौं/मस**–राष्ट्रिय सूचना आयोगले 'सूचनाको हकसम्बन्धी समसामयिक सवालहरू विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । उच्च अदालत पाटनका न्यायाधीसहरूसहित भएको अन्तरक्रिया कार्यक्रममा सूचनाको हक कार्यान्वयन र न्याय सम्पादनका विषयमा जोड दिइएको थियो।

आयोगद्वारा शनिबार आयोजित विशेष कार्यक्रमको उद्घाटन गर्दै सर्वोच्च अदालतका न्यायाधीश सुनील कुमार पोखेलले सूचना बौद्धिक सम्पत्ति भएको उल्लेख गरे। न्यायाधीश पोखेलले सूचनाको हक विश्वव्यापी अधिकारको रुपमा स्थापित भएको भन्दै जुन व्यक्तिसँग सूचना पर्याप्त छ, त्यो व्यक्ति सम्पत्तिको हिसावमा धनी हुने अवस्था आएको बताए।

कार्यक्रममा उच्च अदालत पाटनका कायममुकाम मुख्य न्यायाधीश लाल बहादुर कुँवरले मौलिक हकको कार्यान्वयनका लागि सूचना आयोग र उच्च अदालतको काधँमा जिम्मेवारी रहेको बताए। न्यायाधीश कुँवरले भने, 'आयोग स्थापना भएको पनि पन्ध्र वर्ष भइसकेको छ । समय सापेक्ष ऐन कानुन र नियमावलीले संशोधन माग गरेको छ। त्यसको लागि आयोगले आफ्नो अभ्यासको आधारमा कानुनमा परिमार्जनको आवश्यकता छ।' आयोगका प्रमुख आयुक्त डा.सुरेश आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उच्च अदालत पाटनका न्यायाधीश दुर्गा प्रसाद ढुंगेल र आयोगका आयुक्त दुर्गा भण्डारी पौडेलले आ-आफ्ना कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा न्यायाधीशहरू लेखनाथ पौडेल, ब्रजेश प्याकुरेल, कृष्णराम कोइराला हेमन्त रावलले सुझाव राखेका थिए ।आयोगका सचिव कमल भट्टराईले कार्यक्रममा स्वागत मन्तव्य राखेका थिए।

## मल्टी एग्रो नेसनल इन्भेस्टमेन्ट कम्पनी लि.
**काठमाडौँ जिल्ला टोखा न. पा. वडा नं. ५**

### दोश्रो बार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०९/२१**

**आदरणीय शेयरधनि महानुभावहरु,**

यस कम्पनीको मिति २०८१/०८/२६ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको दोश्रो वार्षिक साधारण सभा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनि महानुभावहरुको जानकारीको लागि यो सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ बमोजिम प्रकाशित गरिएको छ।

**मिति : २०८१/०९/२७ गते तदनुसार सन् २०२५ जनवरी ११ शनिबार**

**समय : बिहान १०:०० बजेदेखि**

**स्थान : जिल्ला नुवाकोट बिदुर नगरपालिका वडा नं. ०२ स्थित तमाङ प्लाजा एग्रो रिसोर्ट**

**छलफलका बिषयसुचिहरुः**

**क. सामान्य प्रस्तावहरुः**

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०८०/८१ को बार्षिक प्रतिवेदन पारित गर्ने।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८१ साल असाढ मसान्तसम्मको वासलात, सोहि मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को आय व्यय हिसाब, नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह बिवरण स्वीकृत गर्ने।
३. आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।
४. आर्थिक वर्ष २०८०/०८१ को नगद लाभांश वितरण नगर्ने प्रस्ताव पेश गरि स्वीकृत गराउने।
५. संचालक समितिको बैठक भत्ता बारे।

**संचालक समितिको अनुमतिले**
**अधिवक्ता आतिस कार्की**
**कम्पनी सचिव**


**यूएईमा रोजगार**

कम्पनी: **BEST QUALITY GENERAL SERVICES - SOLE PROPRIETORSHIP L.L.C.** शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/१९ चलानी नं.: ६०२३०८५० L.T. No.: 316610

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaners | 6 | 7 | स. काममा दक्ष | 900 | ३३,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २८ गते (12 January 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L People. Factor. Perspective
**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोनः ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com


## Invitation for Bids

## Chaurjahari Municipality
## Office of Municipal Executive

**Charjahari Rukum (West)**

### Invitation for Bids No.: CJM/WORKS/NCB/09/081/082

**Date of publication: 2081/09/21**

1. Chaurjahari Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of Maikhara Tourism Area Development & Footpath Construction Works, Chaurjahari Municipality-03 Rukum West. under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Chaurjahari Municipality, Rukum, Western Rukum, Karnali Province, Nepal or may visit PPMO website www. bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www. bolpatra. gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Rastriya Banijya Bank Ltd.**
   **Name of Office : Chaurjahari Municipality**
   **Office Code no : 80659402300**
   **Office Account no : 4330100301010002**
   **Rajaswa (revenue) Shirshak no. : 14265**
4. Pre-bid meeting shall be held at Chaurjahari Municipality Rukum Western Rukum Karnali Province Nepal at 2081/10/11, 13:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Chaurjahari Municipality, Rukum, Western Rukum, Karnali Province, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 2081/10/22, 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/10/22 12:15 at the office of Chaurjahari Municipality Rukum Western Rukum karnali Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 181,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT) | Bid Security, |
|---|---|---|---|---|
| CJM/WORKS/NCB/09/081/082 | Maikhara Tourism Area Development & Footpath Construction Works, Chaurjahari Municipality-03, Rukum west. | NRs. 3000/- | 72,17,752.82 | Nrs. 181,000.00 |

# काठमाडौंमा पहिलो पटक 'चाइना फिल्म डे'

**काठमाडौं/मस–** नेपाल र चीनबीचको सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउन काठमाडौंमा पहिलो पटक 'चाइना फिल्म डे' आयोजना हुने भएको छ । ठमेलस्थित छाया सेन्टरको क्यूएफएक्समा २५ पुस (९ जनवरी)मा उक्त कार्यक्रम आयोजना हुँदै छ ।

कार्यक्रम आयोजना गर्नुको मुख्य उद्देश्य २ देशबीच आगामी दिनमा चलचित्र निर्माण, प्रवर्द्धन र बजारीकरणमा सहकार्य हुने लक्ष्य लिइएको आयोजकले जनाएको छ । साथै, यस्ता खालका कार्यक्रमले २ देशबीच सांस्कृतिक आदानप्रदानमा सहयोग पुऱ्याउने विश्वास लिइएको जनाइएको छ ।

चाइना फिल्म एडमिनिस्ट्रेसन, नेपालस्थित चिनियाँ दूतावास, चाइना फिल्म आर्काइभ र नेपाल फिल्म एन्ड कल्चरल एकेडेमीद्वारा संयुक्त रूपमा आयोजित कार्यक्रममा ३ चर्चित चिनियाँ चलचित्र प्रदर्शन गरिने छ ।




प्रदर्शनपश्चात् चलचित्रका निर्माता, निर्देशक तथा कलाकारहरूसँगको अन्तरक्रियामा दर्शकले पनि सहभागिता जनाउन पाउने छन् ।

कार्यक्रममा नेपाली चलचित्र क्षेत्रका चर्चित कलाकार, निर्देशक, प्राविधिकहरू र विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहने छ । साथै, नेपालस्थित चिनियाँ दूतावास, नेपाल चलचित्र विकास बोर्ड र नेपाल पर्यटन बोर्डका विशिष्ट पदाधिकारीहरूको समेत कार्यक्रममा सहभागिता रहने छ । पूर्वअर्थमन्त्री तथा प्रतिनिधिसभा सदस्य वर्षमान पुनको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना हुने छ ।

चलचित्रका निर्माता, निर्देशक र कलाकार गरी १४ जनाको टिमको नेतृत्व चाइना फिल्म एड्मिनिस्ट्रेसनको अन्तर्राष्ट्रिय विभागका निर्देशक सुयाङले गर्ने छन् । कार्यक्रमले २ देशका चलचित्रकर्मीहरूबीचको सहकार्यलाई अगाडि बढाउने थप मद्धत गर्ने अपेक्षा गरिएको छ ।

'चाइना फिल्म डे'को महत्त्वबारे नेपाल फिल्म एन्ड कल्चरल एकेडेमीका अध्यक्ष केपी पाठकले यो चलचित्र प्रदर्शन गर्ने कार्यक्रम मात्र नभई २ जीवन्त संस्कृतिलाई जोड्ने पुल पनि भएको बताए ।

उनले भने, 'यसले चिनियाँ चलचित्रहरूको सिर्जनशीलता र गहिराइ प्रस्तुत गरेर हामी नेपाली चलचित्रकर्मीहरूलाई सिक्न, सहकार्य गर्न र आफ्नो क्षितिज फराकिलो बनाउन अवसर प्रदान गर्ने छ ।' पाठकले यस्ता साँस्कृतिक आदानप्रदानहरूको व्यापक प्रभावबारे थप प्रस्टयाउँदै भने, 'यस प्रकारका कार्यक्रमहरूले राष्ट्रहरूबीच आपसी सम्मान, सम्बन्ध र समझदारीलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् ।'


यसले सहनिर्माण, संयुक्त परियोजना र विश्वव्यापी दर्शकलाई समेट्ने साझा कथाहरू सिर्जना गर्न मार्ग प्रशस्त गर्ने भन्दै पाठकले यो नेपाल-चीन चलचित्र सम्बन्धको नयाँ अध्यायको सुरुवात मात्र भएको बताए ।

'चाइना फिल्म डे'ले सन् २०२५ र त्यसपछिका दिनहरूमा नेपाल-चीन साँस्कृतिक कूटनीति र चलचित्र सहकार्यलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

प्रदर्शन हुने चलचित्रहरूमा निर्देशक यी हुई साओको १२३ मिनेटको 'हर स्टोरी' (उद्घाटन चलचित्र), निर्देशक युडी झाङको १०५ मिनेटको 'मिडसमर्स भ्वाइस' र निर्देशक फेइलङको १०३ मिनेटको 'जिफर ग्याप' छन् ।

# 'एक्टर'को गीतमा त्रिकोणात्मक प्रेमकथा

**काठमाडौं/मस–** १६ माघमा रिलिज हुने बहुप्रतीक्षित नेपाली चलचित्र 'एक्टर : टेक वन'को गीत 'के भरोसा गरम्' सार्वजनिक भएको छ । गीतको भिडियोमा अभिनेता प्रदीप खड्कालाई २ नायिकाहरू आना शर्मा र दिव्या रायमाझीसँग प्रेममा रहेको देखाइएको छ ।



यस गीतमा त्रिकोणात्मक प्रेमकथा देखाइएको छ । तर, चलचित्रको टिजरमा भने अभिनेताद्वय प्रदीप खड्का र राजबल्लभ कोइरालाका दृश्यहरूले यस चलचित्रको कथा अर्कै रहेको संकेत गरेका थिए ।

गीतको भिडियोले यस चलचित्रमा प्रदीप दोहोरो भूमिकामा त छैनन् ? भन्ने प्रश्न पनि उब्जाएको छ । प्रदीप अभिनेत्री आनासँगको दृश्यमा बोल्न सक्ने र दिव्यासँगको दृश्यमा बोल्न नसक्ने भूमिकाका दृश्य गीतमा देखिएका छन् ।

गीतमा हर्कुलस बस्नेत र इन्दिरा जोशीले आवाज दिएका छन् । उर्मिला गुरुङको शब्द र हर्कुलस बस्नेतको संगीतले गीतलाई झन् सशक्त बनाएको छ । गीतमा किरण थापाले कोरियोग्राफी गरेका छन् । कलर ग्रेडिङ राजेन्द्र मोक्तानको छ । चलचित्रको निर्देशन राजन भुसालले गरेका हुन् भने स्क्रिप्ट आकाश बराल र राजन भुसालको सहकार्यमा तयार गरिएको छ । चलचित्रमा प्रदीप, आना र दिव्याका साथै राजबल्लभ कोइराला, दिव्य देव, उषा रजक, सृजना अधिकारी, सुशील सिटौलालगायतका कलाकारहरूको प्रमुख भूमिका छ ।

'एक्टर : टेक वन' अधृत फिल्म्स र अ मोती फिल्मको संयुक्त प्रस्तुति हो । यसका निर्माता थमनकुमार भण्डारी, क्रियटिभ निर्माता मोती कार्की र सहनिर्माता अनिश भुसाल छन् ।

चलचित्रको प्राविधिक पक्ष झन् प्रभावशाली देखिन्छ । छायांकन नरेन्द्र मैनालीले गरेका हुन् भने सम्पादन निमेष श्रेष्ठले गरेका छन् । चलचित्रमा हर्कुलससहित रोहित शाक्य र एलिस कार्कीले संगीत दिएका छन् । सार्वजनिक गीत 'के भरोसा गरम्'ले दर्शकलाई चलचित्रप्रति अझ नजिक ल्याउने विश्वास गरिएको छ ।

# सविनले ल्याए 'बिहानीको किरण'

**काठमाडौं/मस–** गायक सविन श्रेष्ठले 'बिहानीको किरण' बोलको नयाँ गीत सार्वजनिक गरेका छन् । गीतमा उनकै शब्द र संगीत छ । गीतले प्रेम र एकअर्काबीचको साथको कुरा गर्छ । धोकाधडीमा रुमलिएका युवायुवतीको प्रेममा विश्वास र भरोसाको अपेक्षाको कुरा गर्छ । गीतमा निश्चल र स्वच्छ प्रेमको बयान छ ।



'बिहानीको किरण' सविनप्रतिको आशा र उनको संगीत यात्राको उत्सव पनि हो । प्रेम र साथको सुन्दर भावनालाई समेटेर तयार पारिएको गीतले श्रोतालाई सविनको कथा पनि भन्छ ।

'संगीतले मलाई नयाँ जीवन दिएको छ । यो गीत मेरो जीवनको त्यही यात्रा हो, जसले मलाई जिन्दगीलाई फेरि प्रेमिल बनाएको छ', सविन भन्छन्, 'केही आफ्नै भोगाइ र केही कल्पनाको सम्मिश्रण गीतमा समेटेको छु ।'

सविनले गीतको भिडियो पनि तयार पारेका छन् । जीवन भट्टराई र लक्ष्मी बर्देवाले अभिनय गरेका छन् । भिडियोको निर्देशन पनि जीवन र लक्ष्मीले नै गरेका छन् । बुद्ध थापाले खिचेको भिडियो विष्णु खड्काले सम्पादन गरेका छन् । गीत निर्माणमा दिमेश श्रेष्ठलगायतको लगानी छ । यसअघि सविनले 'माया' बोलको गीत सार्वजनिक गरेका थिए, जुन गीत श्रोता र दर्शकले मनपराएका थिए ।

सविनलाई सवारी दुर्घटनाले संगीतको बाटो हिँड्न प्रेरित गरेको हो । २० माघ २०७९ बिहान सविन एक गम्भीर दुर्घटनामा परे । उनी होसमा आउँदा अस्पतालको शयचामा थिए । शरीरमा असह्य पीडा, आँखा खोल्दा आफन्तहरूको आँसुले भिजेको अनुहार । त्यो दिनदेखि सविनको जीवनको पहिलो अध्याय समाप्त भयो । दोस्रो अध्याय सुरु भयो । त्यो दोस्रो अध्याय संगीतको बाटो हो । उनी भन्छन्, 'मेरो जीवनको पहिलो २० वर्ष पहिलो अध्यायलाई भएछ । त्यसपछि दोस्रो अध्याय सुरु भयो, जुन संगीत हो ।'

संगीतलाई साथी बनाएका उनी यसैसँग बाँचिरहेका छन् । संगीतको साधना र त्यसमा गरेको मिहिनेतलाई दर्शक र स्रोताले कदर गरेपछि उनी अहिले यसमै रमाइरहेका छन् ।

अहिले उनको अधिकांश समय संगीतको अध्ययन र साधनामा बित्ने गरेको छ, जसले उनलाई आनन्द दिन्छ । गीत र धूनहरूले उनको मनमा हराएको रङ फेरि फिर्ता गरिदिएको छ । दुर्घटनाले केही समय खोसेको खुसी फिर्ता भएको छ ।

दुर्घटनापछि सविनको संगीत यात्रा नारायण गोपालको 'गल्ती हजार हुन्छन्' गीतबाट सुरु भयो । उनका काकासमेत रहेका दिमेश भन्छन्, 'सविनले पहिलो पटक गिटार हातमा लिएर त्यो गीत गाएको क्षण म कहिल्यै बिर्सिन सक्दिनँ । उसको स्वरमा सम्भावना देखेपछि मैले उसलाई गाउन प्रेरित गरेँ ।'

यो प्रेरणा नै सविनको जीवनको नयाँ गन्तव्य बन्यो । सविन अहिले त्यही गन्तव्य भेट्ने बाटोमा छन् । सविनका लागि दुर्घटनापछि सुरु भएको दोस्रो अध्याय संगीतको यात्रा मात्र होइन, जिन्दगीप्रतिको नयाँ दृष्टिकोण पनि हो । उनी भन्छन्, 'समय रंगीन हुनु र मन खुसी हुनु नै जीवनको रङ हो, जसले खुसी दिन्छ ।'

# 'अब हाँस्छ अनि नाच्छ क्यानडा' हुँदै




**काठमाडौं/मस–** र इन्टरटेनमेन्ट र आँगन इभेन्ट्सको संयुक्त प्रस्तुतिमा 'अब हाँस्छ अनि नाच्छ क्यानडा' नामक शो हुने भएको छ । यो कार्यक्रम सन् २०२५ को जुन र जुलाई महिनामा क्यानडाका विभिन्न शहरमा हुने आयोजकमध्येका एक जीआर भण्डारीले जानकारी दिए ।

उनले भने, 'हामीले विभिन्न कार्यक्रमपश्चात् यो शो भव्य रूपमा गर्न लागेका छौं । यहाँका नेपालीले डिमान्ड गर्नुभएकै कारण उहाँहरूलाई लिएर शो गर्न लागेका हौं । यो शोमा हाँस्ने र नाच्ने हो ।'

विगतमा प्रकाश सपुत, कालीप्रसाद बाँस्कोटा, नेपाल फेस्टिभललगायतका कार्यक्रम गरिसकेका भण्डारीले कार्यक्रममा कमेडियन सुमन कार्की, कैलाश कार्की, भरतमणि पौडेलको हास्यव्यंग्य र मोडल करिश्मा ढकालको नृत्य हेर्न पाउने बताएका छन् ।

## सुनापति गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**हिलेदेवी, रामेछाप**

**आशयको सूचना**

**प्रकाशित मिति : २०८१/०९/२१**

यस आयोजनाको मिति २०८१/०७/०८ गते प्रकाशित सूचना अनुसार निम्नानुसार योजनाको बोलपत्र आह्वान गरिएकोमा सो को मूल्याङ्कन गरी तपशीलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र छनोट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २८ (५) बमोजिमको स्वीकृतीको आशयको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशील**

| क्र. सं. | ठेक्का नं | ठेक्काको नाम | बोलपत्रदाताको नाम | कबोल अङ्क (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | SUN/W/ NCB/01/2081/082 | Upgrading of Rural Municipal Road Works From Pur-nasingh ko ghardada dhekhi Sunapati Samma Sadak, Sadhidada dogma hudai Galpa Sadak, Sanja Khola Bal Mabi Bhosa Palika Janae Sadak of Sunapati Rural Munici-palty of Ward no 2, 3 and 5. | Surke-Guruvai JV, Buddhanagar-10, Kathmandu | 4,50,12,426.72/- |

**प्रमुख प्रशासकीय अधिकृत**

## Bogatan-Phudsil Rural Municipality
## Office of the Rural Municipal Executive
**Chawarachautara, Doti**

**Invitation for the Bids**

**Date of Publication 2nd Time Notice: 2081/09/21**

1. *Bogatan-Phudsil Rural Municipality, Office of the Rural Municipal Executive* invites electronic bids from eligible bidders for the Construction work for Palchaur road in ward 03 under Sealed Quotation.

| S.N. | Contract Identification Number | Description of Work | Estimated Amount exclusive of VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 9/WORKS/SQ/2081/82 | Construction work for Palchaur road in ward 03 | 1,628,031.88/- | 47,000/- | 1000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Bogatan-Phudsil Rural Municipality office, **Email: icto.bogatanmun@gmail.com**, may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
3. Bidder May chooses to submit their bid electronically and may download/submit the bidding documents from PPMO's e-GP system **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Internal Revenue account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Global IME Bank Ltd.
   Name of Office: Bogatan Phudsil Rural Municipality, Doti
   Office Code : 801077108
   Office Account no.: 13304010000007 (For Bid fee)
   Office Account no.: 13304010000004 (For Bid Security)

**Chief Administrative Officer**

## कतारमा रोजगार
कम्पनी: AL MUFTAH CONTRACTING CO — शहर: Doha
पुर्व स्वीकृत मिति: २०८१/०९/१९ — चलानी नं.: ६०२३०८४९ — L.T. No.: 316541

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Worker | 45 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |
| 3. | Plaster Technician | 65 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |
| 4. | Painter | 4 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |
| 5. | Elect Tech | 2 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |
| 6. | Technician | 9 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |
| 7. | Plaster Worker | 2 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ पुष २८ गते (12 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम ईजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल –१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

# एपीएफको जित, रश्मिको ह्याट्रिक

**काठमाडौं/मस-** राजधानीमा जारी एन्फा महिला फुटबल लिगअन्तर्गत अन्तिम चरणको खेलमा सशस्त्र प्रहरी बलको एपीएफ फुटबल क्लबले बागमती युथ क्लबलाई पराजित गरेको छ। सातदोबाटोस्थित एन्फाको मैदानमा शनिबार भएको खेलमा एपीएफले बागमती युथ क्लबलाई ५-१ गोल अन्तरले पराजित गरेको हो ।

एपीएफ पहिलो चरणको लिगमा शीर्ष स्थानमा रहँदै अन्तिम चरणका लागि छनोट भएको थियो। एपीएफलाई जित दिलाउन रश्मि कुमारी घिसिङले ह्याट्रिक पूरा गरिन्। एपीएफका लागि गीता राना र अनिता केसीले एक-एक गोल गरे। बागमतीका लागि पुष्पाकुमारी खड्काले गोल फर्काइन् ।



खेलको छैटौं मिनेटमै रश्मीले गोल गर्दै एपीएफलाई अग्रता दिलाएकी थिइन् । १२औं मिनेटमा रश्मीले व्यक्तिगत दोस्रो गोल गर्दै अग्रता दोब्बर पारिन् । बागमतीका पुष्पाले १७औं मिनेटमा गोल गर्दै गोल अन्तर कम पारेकी थिइन् । २७औं मिनेटमा गीता रानाले गोल गर्दै एपीएफलाई ३-१ को अग्रता दिलाइन् । रश्मीले ५९औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरिन्। त्यसपछि ७०औं मिनेटमा अनिता केसीले गोल गर्दै एपीएफलाई ५-१ को जित दिलाइन् ।

अखिल नेपाल फुटबल संघ(एन्फा) को आयोजनामा जारी लिगको अन्तिम चरणको लिगमा ५ टोलीले प्रतिस्पर्धा गर्दैछन्। भदौ अन्तिममा भएको लिगको दोस्रो चरणमा सहभागी १० टोलीबाट शीर्ष ५ टोली अन्तिम चरणका लागि छनोट भएका हुन् । अन्तिम चरणमा २४ खेल हुनेछन् । लिग चरणको २० खेलपछि शीर्ष ४ टोलीले प्लेअफमा स्थान बनाउनेछन् ।

# पथरी–शनिश्चरेलाई उपाधि

**अर्जुन काफ्ले/मध्यान्ह**
पथरी, २० पुस

लेटाङमा जारी प्रथम अन्तरपालिका नकआउट फुटबल प्रतियोगिताको उपाधि पथरीशनिश्चरे नगरपालिकाले जितेको छ। शनिबार भएको फाइनल खेलमा लेटाङ नगरपालिकालाई ३-१ गोल अन्तरले पराजित गर्दै पथरीशनिश्चरे उपाधि जितेको हो। सुरुवाती अग्रता जोगाउन नसक्दा लेटाङ उपविजेतामा सीमित भयो। विजेता टिमले ट्रफीसहित १ लाख नगद प्राप्त गर्दा लेटाङले ५० हजार नगद प्राप्त गर्‍यो ।

फाइनल खेलमा लेटाङका लागि सौलेन तामाङले सुरुवाती अग्रता दिलाएका थिए । खेलको २१औं मिनेटमा गोल गरे । दोस्रो हाफमा पथरी खेलमा फर्कियो । पथरीका लागि सौर्य राउतले दोस्रो हाफको ८औं मिनेटमा बराबरी गोल गरे । राउतले नै दोस्रो हाफको १५औं मिनेटमा गोल गर्दै २-१ को अग्रता बनाए। पथरीशनिश्चरेका लागि दोस्रो हाफको ३४औं मिनेटमा मिक्चेन दासले गोल गरे। खेलको म्यान अफ दि म्याच पथरीशनिश्चरेका राउत घोषित भए ।




विधागत उत्कृष्टमा पथरीशनिश्चरेका समीर क्षेत्री उत्कृष्ट गोलकिपर, पथरीशनिश्चरेका सुवास तामाङ उत्कृष्ट डिफेन्डर, लेटाङका सन्दीप ठाडा मगर उत्कृष्ट मिडफिल्डर तथा पथरीशनिश्चरेका सौरे राउत उत्कृष्ट स्ट्राइकर घोषित भए। पथरीशनिश्चरेका मिक्चेन दास प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भए। लेटाङका सौगात राई उदयीमान खेलाडी घोषित भए ।

प्रतियोगिताका प्रमुख अतिथि लेटाङ नगरपालिकाका प्रमुख भुपेन्द्र लावतीले विजेता तथा उपविजेता टोलीलाई पुरस्कार प्रदान गरे । उज्यालो जीवन प्रतिष्ठानको आयोजना तथा चिसाङ भ्याली क्लबको सहआयोजनामा प्रस्तावित बुद्ध रंगशालामा प्रतियोगिता आयोजना भएको हो ।

# त्रिवेणी कपको उपाधि एपीएफलाई

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, २० पुस

लमजुङमा संचालित ३२औं त्रिवेणी कपको उपाधि विभागीय टिम एपीएफ क्लबले जितेको छ। त्रिवेणी युवा क्लब बेँसीसहरको आयोजनामा बेँसीसहर नगरपालिका वडा नं. ७ सहजी खेलमैदानमा भएको फाइनल खेलमा बुद्ध युवा क्लब (बीवाईसी) भोटेअेडार लमजुङलाई टाइब्रेकरमा ४-३ गोलले हराउँदै एपीएफले उपाधि जितेको हो।

खेलको पहिलो हाफको सुरुवाती १२ मिनेटमा बीवाईसीका लागि समीर तामाङले गोल गर्दै टिमलाई अघि बढाएका थिए । पहिलो हाफको ३० मिनेटमा एपीएफका युवराज खड्काले गोल गरेसँगै खेल बराबरी भयो । दोस्रो हाफको ६ मिनेटमा एपीएफका कप्तान हरि कार्कीले गोल गरे । ८ मिनेटको इन्जुरी समयको पाँचौं मिनेटमा भोटेओडारका समीरराज ठकुरीले गोल गरेपछि खेल पुनः बराबरी भयो। त्यसपछि थपिएको १५ मिनेटमा दुवै टीमले गोल गर्न नसकेपछि खेल टाइब्रेकरमा पुगेको थियो ।

एपीएफका गोलरक्षक एन्जल श्रेष्ठ म्यान अफ दी म्याच बन्दै नगद १० हजार रुपैयाँ प्राप्त गरे । विजयी एपीएफले १२ लाख रुपैयाँ, त्रिवेणी कप, मेडल र प्रमाणपत्र पायो । उपविजेता भोटेओडारले ६ लाख रुपैयाँ प्राप्त गर्‍यो । उत्कृष्ट खेलाडी घोषित




हुँदै भोटेओडारका विदेशी खेलाडी इम्यानुअलले २५ हजार रुपैयाँ र ट्रफी तथा प्रतियोगिता अवधिभर ६ गोल गरी एपीएफका प्रदीप लामाले सर्वाधिक गोलकर्ताको उपाधिसँगै नगद २५ हजार रुपैयाँ र ट्रफी प्राप्त गरे ।

विजयी टिमलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, गण्डकी प्रदेश वन तथा वातावरणमन्त्री भेषबहादुर पौडेल, बेँसीसहर नगरपालिका प्रमुख गुमानसिंह अर्याल, आयोजक त्रिवेणी युवा क्लबका अध्यक्ष राजकुमार घिमिरेलगायतले पुरस्कार वितरण गरेका थिए । यही पुस १२ गतेदेखि आयोजना भएको यस प्रतियोगितामा लमजुङ, काठमाडौं, नवलपुर, मनाङलगायत १६ टिमले सहभागिता जनाएका थिए ।

## बझाङमा एथ्लेटिक्स प्रशिक्षण तथा रेफ्री तालिम

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २० पुस

जिल्ला खेलकुद समिति बझाङले आयोजना गरेको एथ्लेटिक्स प्रशिक्षण तथा रेफ्री तालिम सम्पन्न भएको छ। पुस १४ गतेदेखि सुरु भएको तालिम शनिबार सम्पन्न भएको हो ।

समापन कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति उपप्रमुख कृष्ण विष्टले खेलकुदले युवाहरूलाई अनुशासनमा राख्दै देशको प्रतिष्ठा बढाउन महत्वपूर्ण योगदान गर्ने बताए । उनले यस्तो तालिमले जिल्लामा खेलकुदको स्तर विकासमा नयाँ दिशा दिन सक्ने विश्वास व्यक्त गरे ।

तालिम प्रशिक्षक राष्ट्रिय खेलकुद परिषद्का एथ्लेटिक्स प्रशिक्षक धनीराम चौधरीले प्रशिक्षणले खेलाडीहरूलाई प्राविधिक रूपमा दक्ष बनाउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलहरूमा सहभागी गराउन सहज बनाउने बताए ।

तालिममा सहभागी पदमराज जोशीले सहभागीको तर्फबाट बोल्दै तालिममा सिकेको ज्ञान प्रयोग गर्दै जिल्लाको खेलकुद क्षेत्रमा योगदान पुर्‍याउने प्रतिबद्धता जनाए । जिल्ला खेलकुद समिति बझाङका अध्यक्ष पुष्पलाल रोकायाले जिल्लामा खेलकुद क्षेत्रको विकासलाई प्राथमिकता दिँदै आगामी दिनमा थप कार्यक्रमहरू संचालन गर्ने योजना रहेको बताए। सो अवसरमा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्रसमेत वितरण गरिएको थियो ।


## Qatar को Hypermarket मा महिला/पुरुषहरूलाई रोजगार

BALADI EXPRESS | VELERO MALL | AL BALADI

**Company: Baladi Express For Trading, Qatar**
पूर्व स्वीकृती मिति: २०८१/०९/१७ चलानी नं. : ६०२३०८३४ LT No.: 316430

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Store Keeper | 2 | 0 | काममा दक्ष | 1900 | ७१,१५०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Labour | 12 | 10 | | 1000 | ३७,४००।- | | | | | | | |
| ३. | Sales Supervisor | 3 | 0 | | 2500 | ९३,६००।- | | | | | | | |
| ४. | Driver | 6 | 0 | | 1400 | ६२,४००।- | | | | | | | |

Driver: Bike/Car Nepali Lic. भएकाहरुले सम्पर्क गर्नुहोला । साथै Pickers, Stocker, Fish Mongers, Sales & Cashier हरुले पनि नि:शूल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८१ पौष २८ र माघ १ गते (12 & 14 Jan., 2025) यस प्रा. लि. कार्यालय पुल्चोक ललितपुर र २०८१ पौष २९ गते (13 Jan., 2025) बाजेको सेकुवा, पोखरा, कास्कीमा हुनेछ ।

यूनाईटेड ईन्टरनेशनल म्यानपावर प्रा. लि. श्रम ईजाजत नं.: ८३४/०६०/०६१
पुल्चोक, ललितपुर, नेपाल, फोन.: ०१-५१५३३३०, ५१५३३३२, ९८४९३२२०३२, ९८१०४१६४९५
Email : documentunitedmanpower434@gmail.com / Web: www.uimpl.com.np



## Kuwait मा रोजगार

**Al Madaba Restaurant Company**
पुर्व स्वीकृती मिति: २०८१/९/१९ चलानी नं.: ६०२३०८२४ LT No.: 316484

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaning | 6 | 00 | साक्षर | 120 | ५३,६००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

**Khader Restaurant and Cafe Company** पुर्व स्वीकृती मिति: २०८१/९/१९ चलानी नं.: ६०२३०८२५ LT No.: 316485

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaning Worker (Kitchen) | 2 | 1 | साक्षर | 120 | ५३,६००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

**Locker Car Co.For Mobile Typing & Phptocopying Documents** पुर्व स्वीकृती मिति: २०८१/९/१९ चलानी नं.: ६०२३०८२६ LT No.: 316486

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaning | 2 | 0 | साक्षर | 120 | ५३,६००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु. १०,०००।- कामदार आफैले |

अन्तरवार्ता २०८१ पौष २८ गते (12 Jan., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001 | 4970002 | 4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com



## साउदीमा रोजगार

कम्पनी : ARABIAN TRANSFORMERS CO. शहर : Dammam
पूर्व स्वीकृत मिति: २०८१/०९/१९ चलानी नं.: ६०२३०८४४ L.T. No.: 316543

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ पुस २८ गते (12 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Elmira Manpower Service Pvt. Ltd. License No.: 1067/073/074
P .Box: 9883, Basundhara, Kathmandu, Nepal, Tel: 01-4963814, 590815, 977- 9851068108, 9851188820
Email: info@elmiramanpower.com, Web.: www.elmiramanpower.com



## साउदीमा रोजगार

कम्पनी: ABDUL RAHMAN AL-OTAISHAN &SONS GROUP CO. LLC शहर : DAMMAM
पूर्व स्वीकृत मिति: २०८१/०९/१९ चलानी नं.: ६०२३०७९९ L.T. No.: 316549

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Drilling Machine Labor | 10 | 0 | | 1000 | ३६,४६० | | | | | | | |

कम्पनी: MFAHEEM AL EMAR शहर : RIYADH
पूर्व स्वीकृत मिति:२०८१/०९/०८ चलानी नं.: ६०२३०१४८ L.T. No.: 315798

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २८ गते (12 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SPEED EMPLOYMENT SERVICE PVT. LTD.
स्पिड इम्प्लाईमेन्ट सर्भिस प्रा. लि. इजाजत पत्र नं. ४५३/०६०/०६१
सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४३६०८३८,फोन नंः ९८०३११६६४४, ९८५१०१२०१७



## UAE मा रोजगार

कम्पनी : PROFILE RECRUITMENT SOLE PROPRIETORSHIP LLC शहर: ABU DHABI
पूर्व स्वीकृत मिति:२०८१/०७/०९ चलानी नं.:६०२२७१३३ LT. No.:312713 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 200 | 0 | स. काममा दक्ष | 800 | २९,८१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १२ देखि माघ १३ गतेसम्म (12 to 26 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NEPAL MANPOWER PVT. LTD.
Govt.Lic.No. 1099/073/074
Sinamangal-9, Kathmandu, Phone: 014596555, 4562373, 4596777, 4581882.
Mobile: 9841553820,9741662084,9808903720, 9741662083, 9851167990.
Email: info@nepalmanpower.com.np, Web: www.nepalmanpower.com.np



## भूल सुधार

मिति २०८१/०९/२० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कुबेतमा रोजगारको अवसर शीर्षकको **पूर्व स्वीकृत मिति: २०८१/०९/१९,** चलानी नं.: **६०२३०८४२** को विज्ञापनमा कम्पनीको नाम: Al-Maged Al-Ahlea Co for general trading & Contracting र L.T. No.: 316599 हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978
Website: www.linknepalmanpower.com



## एपेक्स हस्पिटालिटी लिमिटेड
**नक्साल, काठमाण्डौ, नेपाल**

### तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**(दोश्रो पटक प्रकाशित)**

श्री आदरणीय शेयरधनी महानुभावहरु,
यस एपेक्स हस्पिटालिटी लिमिटेडको २०८१।०९।०४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**
मिति : २०८१।०९।२७गते शनिबार (11 January 2025)
समय : विहान ११:३० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय नक्साल, काठमाडौ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

नोट: बार्षिक साधारण सभामा छलफल हुने विषयहरु र आर्थिक विवरण कम्पनीको वेबसाइट www.apexhospitality.com.np मा राखिएको तथा शेयरधनी ज्यूहरुले उपलब्ध गराएको ठेगानामा उपलब्ध गराइने व्यहोरा समेत जानकारी गराइन्छ ।



## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

### विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२१**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको जस्ता पाता खरिद तथा आपूर्ति गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website:www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्बन्धी खरिद तथा आपूर्ति कार्यको विवरण**

| सि. नं. | बोलपत्र नं. | कार्यको विवरण | धरौटी रकम | खरिद तथा आपूर्ति | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | RRM/NCB /Goods/ 10/2081-082 | ०.४० मी.मी. को हरियो जस्ता पाता (लम्बाई ९ फीटको) खरीद तथा सप्लाई गर्ने कार्य (रौतामाई गा.पा., भुट्टार, उदयपुर सम्म) | १,९०,०००/– | नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त उद्योग/निर्माता वा अधिकृत, बिक्रेता, डिलर/सप्लायर्स | रु. ३०००/– |

**प्रमुख प्रशासकीय अधिकृत**



# Mandandeupur Municipality
# Office of Municipal Executive
## Mahadevsthan, Kavre
## Bagmati Province, Nepal

### INVITATION FOR ONLINE BIDS

**(Date of Publication: 05th Jan 2025)**

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Mandandeupur Municipality website www.mandandeupurmun.gov.np.

| S. N. | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat, PS & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Kunta Nayagaun Nagarkot Sadak | 04/Works/NCB/ MDM/081/82 | 05/02/2025 12:00 hrs. | 05/02/2025 13:00 hrs. | Nrs.3,000 | Nrs.2,25,000.00 | Nrs.75,95,974.76 |

**Chief administrative officer**



# नेपाली पस्मिनाले विदेशमा नेपाल चिनाइरहेको छ

नेपाली पस्मिनाको माग पश्चिममा मुलुकमा धेरै छ । नेपाली पस्मिना भन्ने वित्तिकै गुणस्तरीय हुन्छ भन्ने विश्वास धेरैमा पर्ने गरेको छ । बेलायतकी महारानी एलिजावेथले “मेड इन नेपाल” लेखिएको पस्मिनाको लुगा लगाएपछि नेपाली पस्मिनाको चर्चा ह्वात्तै बढेको व्यवसायी बताउँछन् । निर्यातमा राम्रो सम्भावना भएको पस्मिना उद्योग कच्चा पदार्थको अभावमा फस्टाउन भने सकेको छैन । यसै सन्दर्भमा नेपाल पस्मिना उद्योग संघका अध्यक्ष, **धनप्रसाद लामिछाने**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

■ **धनप्रसाद लामिछाने**, अध्यक्ष, नेपाल पस्मिना उद्योग संघ

**नेपाली पस्मिना उद्योगको अवस्था कस्तो छ ?**

नेपालमा अथाह सम्भावना भएको उद्योगको रुपमा पस्मिना उद्योगलाई लिने गरिन्छ । नेपालको पस्मिना उद्योगमा निजी क्षेत्रको सक्रियता धेरै भएपनि सरकारी निकायले यसमा खासै चासो दिइएको पाइँदैन । कोभिडपछि समग्रमा पस्मिना उद्योगको अवस्था अप्ठ्यारो अवस्थामै छ । पछिल्लो एक वर्ष यता पस्मिनाको व्यापार बढ्दै गएको छ। तर, पस्मिना उद्योगको लागि अर्को संकट आउने देखिन्छ । नेपाल अतिकम विकसित देशहरूको सूची (एलडीसी) बाट सन् २०२६ मा स्तरोन्नति हुँदैछ । यसले नेपाली हस्तकलामा आधारित उद्योग समस्यामा पर्ने देखिन्छ। एलडीसीको सूचीमा नेपाल रहँदा नेपालबाट निर्यात हुने नेपाली पहिचान बोकेका वस्तुमा शून्य भन्सार थियो । नेपालको स्तरोन्नति हुँदा नेपालबाट निर्यात धेरै हुने पस्मिनामा भन्सार शुल्क लाग्ने र नेपाली निर्यातजन्य सामग्रीको मूल्य बढ्ने देखिन्छ । नेपाल एलडीसीको सूचीबाट स्तरोन्नति हुँदा त्यसको असर पस्मिना उद्योगमा आउने देखिन्छ ।

**एलडीसीबाट स्तरोन्नति हुँदै गर्दा नेपालले कस्तो तयारी गर्नुपर्छ ?**

नेपालले निर्यात गर्ने वस्तुमा आउने सेवा सुविधा कटौती हुनेछ । अतिकम विकसित देश भएको कारण नेपालले निर्यातको लागि अवसर पाएको थियो । तर, हाम्रोमा निर्यातजन्य वस्तुको उत्पादन नै निकै कम हुँदा खासै फाइदा लिन सकेनौं । पस्मिनाको लागि अब हामीले हिमाली क्षेत्रमा ऊनका व्यवसायी रूपमा चौरी र भेँडा पालन गर्ने र सरकारले चरण क्षेत्र छुट्टाएर काम सुरु गर्न आवश्यक छ । अहिलेदेखि हामीले तयारी नगर्ने हो भने २ वर्षपछि नेपाली पस्मिना उद्योग बन्द गर्नुपर्ने अवस्था सृजना हुने देखिन्छ । नेपाल एलडीसीबाट स्तरोन्नति हुँदा अरु क्षेत्रमा फाइदा हुने भएपछि निर्यात क्षेत्रमा भने बेफाइदा नै हुन्छ ।

**पस्मिनाको बजार कस्तो छ ?**

पस्मिना आफैँमा महँगो छ । हाम्रो किन्ने क्षमता कम हुँदा नेपालमा भन्दा विदेशमा माग धेरै छ । नेपालमा उत्पादित पस्मिना ९० प्रतिशत निर्यात हुन्छ। नेपाली बजारमा भने सिल्क मिसाएको पस्मिना माग भने धेरै छ। वर्षमा एउटा च्याङ्ग्राबाट १०० ग्राम भुवा मात्र निकाल्न सकिन्छ । भुवाको मूल्य समेत महँगो पर्ने हुनाले स्वभाविक रूपमा पस्मिनाको मूल्य धेरै पर्ने गर्छ । पस्मिना नेपालको पुरानो निर्यात व्यवसाय हो । विशेषगरी हिमाली जिल्ला मनाङ, मुस्ताङ, हुम्ला, डोल्पा लगायत क्षेत्रका च्याङग्रा, चौँरीगाई (याक)को रौंबाट बन्ने पस्मिनाको माग धेरै छ । विदेशमा समेत नेपाली याकबाट बनेको पस्मिना भनेपछि माग उच्च छ । नेपाली पस्मिना व्यावसायिक रूपमा ४७ वटा मुलुकमा जाने गर्दछ । नेपाली पस्मिनाको गुणस्तरको कारण यसले अहिले विदेशी बजारमा नेपाल चिनाउने काम पनि गरिरहेको छ ।

नेपाल आउने विदेशी पर्यटकको रोजाईमा समेत नेपाली पस्मिना पर्ने गरेको पाइन्छ । साथै, नेपालीमा रहेका कुटनीतिक नियोगका अधिकारीहरूले समेत पशिमना उद्योगमै पुगेर पस्मिनाको माग गर्ने गरेका छन् । नेपाली पस्मिना हलुका, न्यायो, भुवा नआउने, मुलायम र तातो दिने हुनाले महँगो भएपनि माग धेरै छ । नेपाली पस्मिनाको पश्चिमी क्षेत्रका मुलुकमा बढी माग छ ।

**नेपालबाट निर्यातको लागि कति सहज छ ?**

निर्यात गर्नका लागि अहिले धेरै सहज छ । तर, हाम्रोमा हुने उत्पादन नै महँगो छ । उत्पादन गरेर विदेश निर्यातको लागि सरकारी नीति अझै सहज बनाउन आवश्यक छ । निर्यातजन्य उद्योगको लागि भन्सार छुट देखि अनुदान समेत दिने गरेको छ । तर, यहाँ उत्पादन गर्नका लागि वातावरण सहज छैन । बैंकको ब्याज र उद्योग क्षेत्रमा जनशक्तिको अभाव उद्योगमा छ । कच्चा पदार्थ अयात गरेर निर्यात गर्नु पर्ने छ । आयात बिना कुनैपनि उत्पादन गर्न सक्ने अवस्था छैन ।

हाम्रोमा निर्यात बढी हुने वस्तु आयात गरेर निर्यात गर्ने नै हो । अब स्वदेशमै कच्चा प्रदार्थ उत्पादनको लागि काम गर्न सकिन्छ। पस्मिना उद्योगलाई विस्तार गर्ने हो भने ऊनको लागि व्यावसायिक रूपमा नै चाङ्ग्रा पाल्न आवश्यक छ । अहिले कच्चा पदार्थ आयात गरेर शुन्य भन्सारमा निर्यात हुँदा पस्मिना उद्योग बाँचेका छन् तर, एलडीसीबाट स्तरोन्नति हुँदा बित्तिकै अतिरिक्त भन्सार महसुल लाग्ने भएकाले यो उद्योग धरासायी हुन सक्ने देखिन्छ । नेपालमा च्याङ्ग्राको पालन गरेपछि बहुआयामिक फाइदा छ, ऊन मात्र नभएर मासु, मल, दूध र पर्यटन प्रवर्द्धनको लागि समेत फाइदा हुन्छ । त्यसैले राज्यले यो व्यवसायलाई विशेष ढंगले अगाडि बढाउनेगरी नीति अगाडि सार्न आवश्यक छ ।

# ‘सरकारले सुनचाँदी व्यवसायीलाई हेर्ने दृष्टिकोण बदल्न सकेन’

**सूर्यप्रसाद भुसाल**
अर्घाखाँची, २० पुस ।




नेपाल सुन चाँदी व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष बुद्धीबहादुर विक (दियाली)ले सुन चाँदी व्यवसायीहरूलाई सरकारले हेर्ने दृष्टिकोण बदल्न नसकेको बताएका छन् । उनले सुनचाँदी व्यवसाय र अन्य व्यवसायमा फरक भएको बताउँदै सरकारले सुनचाँदी व्यवसाय सम्बन्धी छुट्टै कानून बनाउनुपर्ने बताएका हुन् । अर्घाखाँची सुनचाँदी व्यवसायी संघको १२औं वार्षिक साधारण सभा तथा दोस्रो जिल्ला अधिवेशनको उद्घाटन शत्रमा बोल्दै केन्द्रीय उपाध्यक्ष दियालीले सुनचाँदी व्यवसायी सम्बन्धी कानूनका लागि संघ, प्रदेश र स्थानीय तह सबैले चासो दिनुपर्ने बताए । उनले नेपाल सुनचाँदी व्यवसायी महासंघले सुनचाँदी सम्बन्धी आचारसंहिता बनाइ देशैभर आचारसंहिता लागू भएको समेत बताए ।

यस्तै कार्यक्रममा धारणा राख्दै अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले व्यावसायिक सुरक्षाका लागि आफू सधैं तयार रहेको बताएका थिए । व्यवसायीको सुरक्षा गर्नु राज्यको दायित्व भएको उनको भनाइ थियो । ‘समाजमा सबै राम्रा मान्छे हुन्छन् भन्ने हुँदैन कुनै अराजक पनि हुन सक्छन्, त्यस्ता व्यक्तिको बारेमा प्रजिअलाई जानकारी दिए कानूनसम्मत् कारबाही गरिनेछ’, उनले भने ‘कारोबार गर्दा समेत सजग हुनुपर्छ ।’

कार्यक्रममा लुम्बिनी सुनचाँदी व्यवसायी संघका अध्यक्ष ध्रुवबहादुर गहतराज, केन्द्रीय सदस्य लोकबहादुर सुनार, केन्द्रीय सदस्य मदन केसी, सुनचाँदी व्यवसायी संघ लुम्बिनीका सचिव झविद्र विक, उद्योग वाणिज्य संघका उपाध्यक्ष साजन ओली, चेम्बर अफ कमर्सका अध्यक्ष अशोककुमार श्रेष्ठ, अर्घाखाँची व्यापार संघका अध्यक्ष योगेन्द्रबहादुर खड्का, पत्रकार महासंघ अर्घाखाँचीका सदस्य सागर परियार लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रम अर्घाखाँची सुनचाँदी व्यवसायी संघका अध्यक्ष कृष्णबहादुर विश्वकर्माको अध्यक्षता र केन्द्रीय सदस्य तथा जिल्ला सचिव ताराबहादुर सुनारको संचालनमा सम्पन्न भएको थियो ।

### प्राकृतिक विपद्

# करिब १३ अर्ब बीमा दाबी

**काठमाडौं/मस** – गत असोजको १० गते पछिको अविरल बर्षापछिको बाढी र पहिरोबाट भएको क्षतिबाट १२ अर्ब ८६ करोड ६६ लाख ८८ हजार तीन सय ३१ बराबरको बीमा दावी भएको छ । नेपाल बीमा प्राधिकरणका अनुसार, कूल तीन हजार छ सय ८६ वटा दावीको आवेदन परेको छ। सोमध्ये हालसम्म एक हजार आठ सय नौ वटा दावीको एक अर्ब ७८ करोड ८१ लाख ३८ हजार एक सय ५४ बराबर भुक्तानी भएको छ ।

प्राधिकरणका अनुसार सम्पत्ति बीमामा एक हजार सात सय ७४ वटा दावी परेको छ । नौ अर्ब २२ करोड २५ लाख ५६ हजार दुई सय २८ बराबरको दाबी सम्पत्ति बीमामा परेको छ । यस्तै, इञ्जियिरिङ तथा ठेकेदार जोखिममा तीन सय २४ वटा दावी परेको छ । त्यसमा दुई अर्ब ८४ करोड १९ लाख २६ हजार पाँच सय ९२ बराबरको दावी परेको प्राधिकरणले जनाएको छ । मोटर बीमा निजीतर्फ नौ सय ५४ वटा आवेदन परेको छ । त्यसमा ४१ करोड ५३ लाख ४४ हजार बराबरको दावी रकम माग गरिएको छ । मोटर बीमा सार्वजनिकतर्फ तीन सय ९३ वटाको आवेदन परेको छ। त्यसमा २८ करोड ९९ लाख १६ हजार बराबरको दावी रकम माग भएको छ । सामुन्द्रिक बीमामा २३ वटा आवेदन परेको छ। त्यसमा चार करोड चार लाख ९७ हजार बराबरको रकम माग भएको छ । पशुपन्छी बीमातर्फ ६० वटा आवेदन पर्दा तीन करोड ८२ लाख ५५ हजार दुई सय ६७ बराबरको रकम माग भएको छ। कृषि बाली बीमातर्फ एक सय ३७ वटा आवेदन पर्दा एक करोड पाँच लाख ९१ हजार छ सय ९५ बराबरको माग दावी भएको छ ।

# सरकार ऊर्जा क्षेत्रको विकासमा लागेको छ : मन्त्री खड्का

**काठमाडौं/मस** - ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले निजी क्षेत्रको सहभागीतामार्फत ऊर्जा क्षेत्रको विकासमा सरकार लागेको बताए । लालुपाते हाइड्रोपावरद्वारा मनाङको नासोङ गाउँपालिका-२ मा निर्माण हुन लागेको ४९.९५ मेगावाटको दानाखोला हाइड्रोपावरको वित्तिय व्यवस्थापन हस्ताक्षर समारोहमा शुक्रबार साँझ आयोजित कार्यक्रममा बोल्दै उनले निजी क्षेत्रलाई साथमा लिएर सरकारले राखेको ऊर्जा विकासको लक्ष्य पुरा गरिने बताए ।

‘सरकारले आम्दानीको मुख्य स्रोतका रुपमा जलविद्युत् क्षेत्रलाई लिएको छ, स्रोतलाई अधिकतम प्रयोग गरेर निजी क्षेत्रलाई साथमा लिएर यस क्षेत्रको विकास गर्छौं देशभित्रका लगानीकर्तालाई उत्साहित गर्नेगरी सरकारले काम गरिरहेको छ’, उनले भने । आयोजना ओगटेर बस्न नहुने उनको भनाइ थियो । ऊर्जामन्त्री खड्काले स्रोतमाथिको अधिकार सबैका लागि हुने भन्दै गरिब र विपन्न जनताको लागि सरकारले न्यूनतम व्याजदरमा शेयर खरीद गर्ने व्यवस्था मिलाउन लागेको उल्लेख गरे ।

उनले देशका अधिकाशं स्थानमा मोटरबाटो पुगेकाले आयोजना निर्माणका लागि अब धेरै समय नलाग्ने बताए ।

उनले छिमेकी मुलुक भारतसहित अन्य मुलुकसमेतले नेपालबाट विद्युत् आयत शुरु गरेकाले बजार सुनिश्चित भएको भन्दै आयोजना निर्माणमा लाग्न लगानीकर्तालाई आग्रह गरे । ऊर्जा क्षेत्रलाई चलायमान बनाउन जरुरी रहेको उनको भनाइ थियो । सांसद टेकबहादुर गुरुङले समयमा आयोजना पुरा हुनेगरी काम गर्न लगानीकर्तालाई आग्रह गरे । उनले कृषि, पर्यटन र जलस्रोतको धनी मनाङमा मोटरबाटोको पहुँच सबै स्थानमा पुऱ्याउन सके समृद्ध जिल्ला बन्ने दावी गरे ।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान)का अध्यक्ष गणेश कार्कीले ऊर्जा विद्येयकलाई परिमार्जन गरेर अगाडि बढेमात्र सरकारले १० वर्षमा २८ हजार




पाँच सय विद्युत् उत्पादन गर्न राखेको लक्ष्य पुरा हुने बताए । मनाङको नासोङ गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले आयोजना प्रभावित बासिन्दालाई आयोजनाले रोजगारी र शेयरको शुनिश्चितता गर्नुपर्ने बताए ।

विस २०८४ कात्तिक २ गतेसम्म सक्ने लक्ष्यका साथ निर्माण हुन लागेको दानाखोला हाईड्रोपावरमा मुख्य लगानी सानिमा बैंकको रहेको छ। उक्त जलविद्युत् गृहमा वित्तिय व्यवस्थापनका लागि सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डे र लालुपाते हाईड्रोपावरका अध्यक्ष मोहनकुमार डाँगीले हस्ताक्षर गर्नुभएको छ । लालुपाते हाईड्रोपावरका अध्यक्ष डाँगीले नौ अर्ब ९६ करोडको लगानीमा दानाखोला जलविद्युत् केन्द्र निर्माण गर्न लागिएको जानकारी दिए ।




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**